वर्ष : २०, अंक : ३०, काठमाडौं, २०८१ पुस १९ गते शुक्रबार, 3 January, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# सबै मधेशी शक्तिहरूबीच सहकार्यका लागि वार्तामा तीव्रता





काठमाडौं । तराई-मधेशकेन्द्रि दलहरुबीच सहकार्यका लागि हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपालले गठन गरेको वार्ता टोलीले विभिन्न दलहरुसँग वार्ता र सम्वादलाई तीव्र पारेको छ ।

जप्रपाका वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादवको संयोजकत्वमा गठन भएको वार्ता टोलीले बिहीबार महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र राजेन्द्र महतोले हालै गठन गरेको राष्ट्रिय मुक्ति पार्टी नेपालसँग वार्ता गरेको हो ।

अशोक राईको जसपाले राजेन्द्र श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय वार्ता टोलीसमेत गठन गरिसकेको छ । सो वार्ता टोलीसँग जप्रपाका वार्ता टोलीले सम्वाद गरेको हो । जप्रपाका वार्ता टोली सदस्य ईश्वरदयाल मिश्रका अनुसार जसपा सहकार्य प्रस्तावप्रति सकारात्मक रहेको छ ।

यसैगरी, जप्रपाको वार्ता टोलीले राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोसहितका नेताहरुसँग वार्ता गरेको छ । राजेन्द्र महतोको पार्टी पनि सहकार्यका लागि सहमति जनाइएको मिश्रले बताए ।

त्यस्तै, बिहीबार नै लोसपाका अध्यक्ष महन्थ ठाकुरसँगपनि वार्ता भएको हो । सबै दलका नेताहरु सहकार्यका लागि सहमत रहेको बताइएको छ । संविधान, संघीयता र लोकतन्त्रको रक्षाका लागि सबै मधेशी दलहरु एक ठाउँमा आउनै पर्ने सबै साझा धारणा रहेको मिश्रले जानकारी दिए ।

देशको वर्तमान परिस्थिति निरन्तर जटिलता तर्फ उन्मुख भएको हुँदा, बिग्रिदो अर्थतन्त्र झन् गिर्दो तथा आशावाद खस्किँदो, नैराश्यता बढदो अवस्थामा, ग्रामीण जनजीवन आक्रान्त, जनतामा आशावादीको खाँचो महसुस भएकोले राजनीतिक दलहरूबीच सहकार्यको आवश्यकता महसुस गर्दै जनता प्रगतिशील पार्टीले तीन सदस्यीय वार्ता टोली गरी वार्ता र सम्वादलाई तीव्रता दिएको हो ।

सोही क्रममा आइतबार जप्रपाका अध्यक्ष त्रिपाठी, वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादव र पूर्वमन्त्री ईश्वरदयाल मिश्रसहितको टोलीले जनता समाजवादी पार्टी नेपालका नेता राजकिशोर यादवसँग सम्वाद गरेको हो ।

संविधान संशोधन र नेपालको वर्तमान अवस्थाबारे साझा एजेण्डासहित एकीकृत शक्ति निर्माणका लागि जसपा नेपालसँग गहन छलफल भएको जप्रपाका नेता एवं पूर्वमन्त्री मिश्रले जानकारी दिएका छन् । जनता प्रगतिशील पार्टीको प्रस्तावप्रति जसपा नेपाल सकारात्मक रहेको उनले बताए । उनका अनुसार जसपा नेपाल पनि मधेशी दलहरुबीच सहकार्यका लागि तयार रहेको छ ।

जसपा नेपालसँगको वार्ता सकारात्मक रहेको बताउँदै नेता मिश्रले यसबारे थप छलफलका लागि आगामी दिनमा फेरि छलफल हुने बताए ।

जप्रपा नेपालका हृदयेश त्रिपाठीले तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्यका लागि वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादवको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरेको छ । जप्रपा नेपालको वार्ता टोलीमा ईश्वरदयाल मिश्र र मोहम्मद साबिर हुसेन सदस्य रहेका छन् ।

यसैबीच, जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठी र राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोबीच भेटवार्ता भएको छ । तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्यका लागि पहल थालेका जप्रपाका अध्यक्ष त्रिपाठीले भेटघाट, वार्ता र सम्वाद निरन्तर गर्दै आएका छन् । सोही क्रममा त्रिपाठीले सोमबार राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष महतोसँग भेटेका हुन् ।

सबै तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्य गर्ने त्रिपाठीको प्रस्तावप्रति महतोले सहमति जनाउँदै आफ्नो पार्टीमा पनि छलफल गर्ने बताएका थिए ।

तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्य प्रस्तावमा महतो सकारात्मक रहेको कुरा जप्रपाका नेता ईश्वरदयाल मिश्रले बताएका छन् ।

नेता मिश्रका अनुसार दुई-तीन दिनभित्रै सबै मधेशकेन्द्रित दलहरुका अध्यक्षहरुको सामूहिक बैठक बस्ने छन् । सो बैठकले एउटा ठोस निर्णय गर्ने र सहकार्यका लागि एउटा कार्यदिशा बनाउने उनले बताए ।

तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्यका लागि त्रिपाठीले डा.शिवजी यादवको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली बनाएको हो । अहिलेसम्म लगभग सबै दलसँग छलफल भइसकेको बताइएको छ ।

## मधेश र मधेशीका लागि जनमत पार्टी सदैव चार कदम अगाडि रहन्छ : डा.यादव



काठमाडौं । जनमत पार्टीका राष्ट्रिय प्रवक्ता डा.शरदसिंह यादवले कुनै नेता वा पार्टी विशेषलाई जोगाउनका लागि मात्रै मधेशी दलहरुबीच एकता वा सहकार्यको औचित्य नरहेको बताएका छन् ।

मधेशी एकता समाजद्वारा काठमाडौंमा आयोजित 'मधेशी शक्तियों में सहकार्य : आवश्यकता, चुनौती और अवसर' विषय विचार मन्थन कार्यक्रममा जनमतका प्रवक्ता डा.यादवले सो कुरा बताएका हुन् ।

डा.यादवले विगतमा पनि कुनै पार्टी वा नेताको राजनीतिलाई जोगाउनका यस्ता प्रयास भएकोले जनमत पार्टी सचेत रहेको बताए । उनले मधेश र मधेशीको नाममा केही नेताहरु आफ्नो राजनीति बचाउन फोहोरी खेल खेलेको आरोप उनले लगाए ।

'मधेश र मधेशीका लागि एकता, सहकार्य वा मोर्चाबन्दीका जनमत पार्टी सदैव अरु दलभन्दा चार कदम अगाडि रहनेछ', उनले भने, 'कुनै पनि नेता वा पार्टीको राजनीतिलाई जोगाउन हामी सहकार्य वा एकता गर्दैनौं ।'

## शहीद परिवारका सदस्यलाई स्वास्थ्य बीमा गरिने




जनकपुरधाम । मधेश प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा शहीद भएका परिवारका लागि स्वास्थ्य बीमा गर्ने भएको छ । मधेश आन्दोलन र सशस्त्र द्वन्द्वमा शहीद भएका एक हजार ८१ परिवारलाई स्वास्थ्य बीमा गर्न मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य बीमा बोर्डबीच सहमति सम्झौता भएको छ । प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेशसचिव उद्धवप्रसाद रिजालका अनुसार स्वास्थ्य बीमाका लागि आवश्यक शहीद परिवारका विवरण संकलन गर्न स्वास्थ्य बीमा बोर्डका कर्मचारी फिल्डमा खटिइसकेका छन् ।

विवरण प्रशोधन गरेर नामावली तयार भएपछि सरकारले स्वास्थ्य बिमा प्रयोजनका लागि बोर्डलाई प्रतिपरिवार तीन हजार पाँच सयका दरले रकम पठाउने प्रदेशसचिव रिजालले बताए । वार्षिक तीन हजार पाँच सय रुपैयाँ दिएपछि एक परिवारका पाँचजना सदस्यसम्म स्वास्थ्य बिमित हुने गर्छन् । प्रदेश सरकारले मधेश आन्दोलन र सशस्त्र द्वन्द्वका सहिद परिवारको स्वास्थ्य बिमाका लागि ४० लाख रुपैयाँ चालू आर्थिक वर्षमा विनियोजन गरेको छ ।

## जनमत पार्टीले मनायो धोती दिवस

काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले काठमाडौंस्थित माइतीघर मण्डलामा धोती दिवस मनाएको छ । जनमतका नेता तथा कार्यकर्ताले धोती लगाएर माइतीघरमा भेला भएर धोती दिवस मनाएका हुन् । उनीहरूले 'धोती हाम्रो सान हो, मधेशको पहिचान हो । धोती दिवस जिन्दाबाद, धोती भैया भनेर हेप्न पाइँदैन' लगायतका नारा लगाएका थिए । जनमत पार्टीको आइतबार बसेको केन्द्रीय सचिवालय समितिले आज धोती दिवस मनाउने निर्णय गरेको थियो । पार्टीले सबै जिल्लामा राष्ट्रिय पोसाक (धोती) दिवस मौलिकता झल्कने गरी कार्यक्रम गरी मनाउन परिपत्रसमेत गरेको थियो ।

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएसको कक्षा पुस २५ बाट सुरु हुने




जनकपुरधाम । मधेश प्रदेश सरकारअन्तर्गतको जनकपुरधामस्थित मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानमा आगामी पुस २५ गतेबाट चिकित्साशास्त्रतर्फ स्नातक (एमबिबिएस) को पठनपाठन सुरु हुँदैछ ।

एमबिबिएस अध्ययनअध्यापन सुरु गराउन आवश्यक भौतिक पूर्वाधारको स्तरोन्नति, थप उपकरणसहित विशिष्टीकृत ल्याब सञ्चालन तथा विभिन्न फ्याकल्टीका लागि जनशक्ति व्यवस्थापन तथा चिकित्साशिक्षा आयोगले छात्रवृत्तिमा पढ्न सिफारिस गरेका विद्यार्थी भर्ना कार्य सम्पन्न भइसकेको प्रतिष्ठानका उपकुलपति डा.अंकुर साहले बताएका छन् ।

मधेश प्रदेशमा सरकारीस्तरमा एमबिएबिएसको पठनपाठन हुने प्रतिष्ठान पहिलो शैक्षिक संस्था भएको छ ।

उनले चिकित्साशिक्षा आयोगले निर्धारण गरेको रकम भुक्तान गरी एमबिबिएस पढ्न चाहनेहरूका लागि भने आगामी पुस २४ गतेसम्म नामांकन हुने जानकारी दिए । प्रतिष्ठानमा अहिले स्नातकतर्फ नर्सिङ, पब्लिक हेल्थ र मेडिकल ल्याब टेक्नोलोजी तथा चिकित्साशास्त्रको स्नातकोत्तरतर्फ चार विषयमा पठनपाठन हुँदैआएको छ । *बाँकी अन्तिम पृष्ठमा*

## सरकारविरुद्ध चर्को नाराबाजी गर्दै आजपाद्वारा काठमाडौंमा विरोध प्रदर्शन




काठमाडौं । आम जनता पार्टी (आजपा)ले सरकारको मनोमानी कर आतंकका विरुद्ध काठमाडौंमा सरकार विरुद्ध प्रदर्शन गरेको छ । काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा प्रतिष्ठानबाट सुरु भएको विरोध प्रदर्शन रत्नपार्क हुँदै पुन: कमलादीमै पुगेर सम्पन्न भएको हो ।

कर आतंक बन्द गर, लुटेरा सरकार मुर्दाबाद, दलाल दलतन्त्र मुर्दाबाद, आम जनता जिन्दाबाद, तेस्रो जनआन्देलन सफल पारौं, जनता लुट्न पाईदैन, भ्रष्ट सरकार चाहिँदैन, राष्ट्रिय स्वाधिनताको रक्षा गर, भगौडा विदेशिको अवैध सम्पति जफ्त गर, ठग मेनपावरलाई कारबाही गर, अबैध ऐजेन्टलाई गिरफ्तार गर, लुटकारी भन्सार नीति खारेज गर जस्ता नारा प्रदर्शनकारीले लगाएका छन् ।

यस्तै शैक्षिक विभेद बन्द गर, लैङ्गिक हिंसा अन्त्य गर, बैङ्किङ् लुट बन्द गर, लघुवित्त तथा सहकारी पीडितलाई न्याय दे, कबाड व्यवसायीहरुको सुरक्षा गर, अदालतको आदेश पालना गर, कबाड आन्दोलन जिन्दाबाद, सुकुम्बासी तथा फुटपात व्यवसायीको रक्षा गर, हाम्रो संघर्ष जारी छ, धोखेबाज नेताहरु भोट फिर्ता गर, जनताको सर्वोच्चता स्थापित गर, आम जनता पार्टी जिन्दाबाद, दोस्रो स्थापना दिवस सफल पारौं लगायतका नारा लगाउँदै उनीहरुले प्रदर्शन गरेका हुन् ।

आजपाले पार्टीको दोस्रो स्थापना दिवसका साथै आन्दोलनको कार्यक्रम संगसंगै अगाडी बढाएको हो । दलाल दलतन्त्र बिरुद्ध तेस्रो जनआन्दोलनको संकल्प सहित आजपाले दोस्रो स्थापना दिवस काठमाडौं उपत्यका विशेष कमिटीको आयोजनामा भव्यरुपमा आज मनाउँदै छ ।

आजपाका बरिस्ठ उपाध्यक्ष तिलक थापाको नेतृत्वमा प्रदर्शन भएको हो । केन्द्र, प्रदेश र स्थानीय तहसहितका ७६१ सरकारले लिईरहेको मनोमानी कर अन्त्य गर्नुपर्ने माग गर्दै आजपाले काठमाडौंमा विरोध प्रदर्शन गरेको हो । सरकारको मनोमानी करले नेपालको उधोग, व्यवसाय धरासायी बन्दै गईरहेको निष्कर्ष निकाल्दै आजपाले कर आतंक बन्द गर्नुपर्ने माग गर्दै आएको छ । आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले समृद्ध नेपाल निर्माण गर्नका लागि सरकारपिच्छे मनोमानी कर आतंक बन्द गर्नुपर्ने बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# नागरिकको ज्यान जोगाऊ

केही दिनदेखि बढेको अत्याधिक चिसो, शीतलहर र कुहिरोबाट जनजीवन प्रभावित भएको छ । चिसो र शीतलहरबाट बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित भइरहेका छन् । खासगरी तराई-मधेशमा न्यानो लत्ताकपडाको अभाव विपन्न नागरिकले ज्यान गुमाउन बाध्य हुनछन् । तराई-मधेशमा वर्षेनी शीतलहर तथा चिसोका कारण कैयौं गरिब तथा विपन्न वर्गको ज्यान जाने गरेको छ । चिसोका कारण आमनागरिकको ज्यान जानु राज्यका लागि लज्जास्पद हुनुपर्ने हो । शीतलहरकै कारण मृत्युवरण गर्नुपर्ने अवस्थाबाट मधेशका विपन्नवर्ग गुज्रिरहेका छन् । यसको शीतलहर मात्र नभई गरिबी पनि हो ।

हरेक वर्ष पुस महिना लागेदेखि नै कठ्याङ्गिदो चिसो बढ्न थाल्छ । जसबाट बढी प्रभावित मधेशका विपन्नवर्ग हुने गरेका छन् । अहिले तीन तहको सरकार रहेपनि वर्षेनी आइपर्ने यस्ता प्राकृतिक प्रकोपबाट बचाउन ठोस पहल देखिँदैन । जाडोयाममा शीतलहर, हुस्सु वा चिसोलाई रोक्न सकिँदैन तर त्यसबाट हुने मानव क्षतिलाई अवश्य पनि रोक्न सकिन्छ । यसतर्फ कुनै पनि सरकारले पूर्वतयारी वा विपद व्यवस्थापनमा ध्यान दिँदैन । मधेशमा चिसोकै कारण धेरै धनजनको क्षति हुने गरेको विगतका तथ्यांकहरूले देखाउँछ । मधेशमा कयौको ज्यान चिसोका कारण गएको तितो यथार्थ हामीसँग छ ।

चिसोकै कारण मृत्युवरण गर्ने तथ्यांक राज्यले संकलन गर्छ तर पूर्वतयारीमा चासो देखाउँदैन । यसको तयारीका लागि ठूलो बजेट वा धेरै समय लाग्ने पनि होइन । यसका लागि सामान्य उपायहरू अपनाइए भने चिसोकै कारण कसैले पनि ज्यान गुमाउन पर्दैन । चिसोबाट जोगिन सामान्य पूर्वतयारी जस्तै, विपन्न तथा गरिबलाई पहिचान गरी कमसेकम न्यानो कपडा, आगो ताप्ने दाउरालगायतको व्यवस्थापन गरियो भने यसबाट मृत्युवरण हुँदैन । चिसो बढेसंगै सुरक्षाका उपायहरू अवलम्बन गर्न आवश्यक देखिन्छ । नागरिकहरू पनि विशेष सचेत हुनुपर्ने अवस्था छ, किनभने यो हरेक वर्ष प्राकृतिक विपदका रूपमा देखापरिरहेको छ, तर यसबाट बच्न सकिन्छ र बच्ने उपाय अवलम्बन गर्न आमजनसमुदाय पनि अग्रसर हुनुपर्छ । जाडोबाट जोगिन कोठालाई न्यानो बनाउनुका साथै बाक्लो कपडाहरू लगाउने र तातो खानेकुरा खानुपर्छ । चिसोका कारण श्वासप्रश्वास सम्बन्धी समस्या आउने गर्छन । त्यसबाट निमोनिया जस्ता घातक समस्या देखिन सकिन्छ ।

मधेशमा वर्षेनि शितलहरका कारण कतिपय निम्न आय भएका मानिसहरूले ज्यान गुमाउने गरेका छन् । त्यस्तो अवस्था आउन नदिन मानिसहरूले घरभित्रै बस्नुपर्ने, आगो ताप्नुपर्ने, उपलब्ध न्यानो कपडाहरू लगाउनुपर्ने र कुनै समस्या देखिए तत्कालै स्वास्थ्य चौकी जानुपर्ने हुन्छ । विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरबाट सिरहाको जनजीवन कष्टकर बनेको छ । शीतलहरबाट वृद्धवृद्धा, बालबालिका र श्रमिक सबैभन्दा बढी प्रभावित भएका छन् । बिहानैदेखि लाग्ने कुहिरोसहितको चिसो हावाका कारण बजार तथा सार्वजनिकस्थलमा चहलपहल कम हुने गरेको छ । जाडोले काममा जान समस्या हुन थालेपछि उनीहरूको हाथमुख जोड्ने समस्या हुन थालेको छ ।

चिसोका कारण रूघाखोकी, निमोनिया, झडापाखाला, दमजस्ता बिरामी बढ्ने गरेको छ । यस्तो बेलामा रूघाखोकी, निमोनिया, दम तथा झाडापखालाका बिरामीको चाप बढ्ने गरेको छ । चिसोबाट जोगिन जिल्लाको ठाउँ ठाउँमा आगो बाल्ने व्यवस्था मिलाउनुको साथै र शीतलहरबाट पीडितलाई न्यानो लुगा वितरण गर्न आवश्यक छ । अहिले कोरोना महामारी पनि रहेकोले यसबाट बच्नका लागि विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ । विपद व्यवस्थाका लागि सरकारले विभिन्न संघसंस्थाहरूसमेत खडा गरेको छ । तर त्यसको प्रभावकारिता देखिँदैन । तसर्थ, तीनै तहको सरकारबीच समन्वय र सहकार्य गरी तत्काल शीतलहर र चिसोबाट बचाउन सम्बन्धित सबैको ध्यानाकर्षण होस् । न्यानो कपडाकै अभावमा कसैले ज्यान गुमाउन नपरोस् । राज्यका साथै सरोकारवाला निकायहरु गम्भीरतापूर्वक लाग्न आवश्यक छ ।

गतांकको बाँकी...

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

अर्कोतिर औसत चेतनस्तरले वैयक्तिक चेतना निर्धारण गर्ने धारणा राख्दछन। यो विरोधाभाष त हो नै साथै 'भौतिक भाग्यवाद पनि हो। आफूभित्रको अहंलाई चिन्न सक्ने र त्यसको रचनात्मक प्रयोग गर्न सक्ने हो भने हरेक व्यक्ति समाजको निर्धारक हो। सक्रिय योद्धा हो। ऊ व्यक्तिगत जीवनमा ठूला पदमा पुगोस् वा नपुगोस् उसले समाजलाई केही न केही योगदान गरिरहेका हुन्छ। नेता र कार्यकर्ता, विचारक र विचारका अनुयायीजस्ता प्रवर्गबीचको दुरी अत्यन्त कम गर्न आवश्यक छ।

पश्चिमाहरुले मानिसको अस्तित्वको आधार संघर्ष भने हामीले संघर्ष होइन संवाद (शत्रुपूर्ण वा मैत्रीपूर्ण) हुन्छ भन्यौं। तर सामान्य अर्थमा संघर्ष शब्दको प्रयोग भने गर्न सकिन्छ। मानिसले संघर्ष किन गर्छ ? मानिसले संघर्ष गर्नु पर्ने मुख्य ५ वटा कारणहरु छन। बाँच्नका लागि, प्रेमका लागि, विचार तथा मान्यताका लागि, आत्मसम्मानका लागि र सृजनाका लागि। वाँच्नका लागि मानिस श्रमशील हुन्छ। मायाप्रेम, स्नेहका लागि मानिस प्रेमशील हुन्छ। मूल्य र मान्यताको स्थापनाका लागि मानिस विचारशील हुन्छ। आत्मसम्मानका लागि मानिस विनयशील हुन्छ। सृजनाका लागि मानिस सृजनाशील हुन्छ। आत्मिक उन्नयन भनेको के हो ? मानिसको श्रमशील, प्रेमशील, विचारशील, विनयशील र सृजनशील मनोबनोटको अवस्था नै आत्मिक उन्नयन हो। कम्युनिष्टहरु 'काम गर्दै गरेको मानिस सबैभन्दा सुन्दर हुन्छ' भन्छन। यसको अर्थ कि उनीहरु मानिसलाई श्रमशील मात्र देख्न चाहन्छन। श्रमशील मानिस सुन्दर त छ नै प्रेमशील, विचारशील, विनयशील र सृजनशील मानिस पनि झन् सुन्दर हुन्छ। मानिसभित्र रहेको ध्वंसात्मक, प्रतिशोधी र दास मानसिकतालाई श्रमशील, प्रेमशील, विचारशील, विनयशील र सृजनशील हुने अवस्थामा रुपान्तरण गर्ने कला र विज्ञान रहेको योजना नै अहं व्यवसंस्थापन, आत्मिक उन्नयन हो।

आत्मिक उन्नयन संगै हामी राष्ट्रिय मुक्ति क्रान्तिका लागि आत्मागत रुपमा तयार हुनु पनि अत्यन्तै महत्वपूर्ण सवाल हो। आत्मगत तयार छौं कि आत्मछल गरिरहेका छौं, मनन गरौं। हामीले दिइरहेको बलिदानी उत्पीडित आम जनताहरूको लागि हो कि ? आफ्नै नाम र आफ्नो परिवार सम्बृद्धिका लागि ? मनन गरौं। हाम्रो सम्पति उत्पीडित जनताहरूको मुक्ति संघर्षको साधन बनाउन सक्छौं कि सक्दैनौ ? मनन गरौं। प्रज्ञानात्मक तहसम्म हामी हाम्रो विकास गर्न सकेका छौं, क्रान्ति वाहेक हामी जीवनका सबै विकल्पहरू बन्द गर्न सक्छौं ? आफुलाई प्रज्ञानात्मक तहसम्म विकास नगरेसम्म क्रान्तिको नाममा हामी नाम र दामप्रतिको लालचीत भइरहने छौं। क्रान्ति नेता-कार्यकर्ताहरूको जीवन पद्धति बन्नुपर्दछ। क्रान्ति वाहेक जीवनका सबै ढोकाहरू बन्द गरिनुपर्दछ। क्रान्ति प्रतिको गर्वका साथ नेताहरु जीवनकै कसम खान सक्नुपर्दछ। क्रान्तिका लागि लड्ने तर विकल्पमा सफल नभए विभिन्न पार्टीमा जाने आदी मनमा राख्ने वा पैत्रीक ब्यवसाय गरेर बस्ने सम्मको मनोविज्ञानबाट समेत बाहिर निस्कन सक्यौ भने उत्पीडित जनताहरुको स्वतन्त्रता, आत्मासम्मान र समानता राष्ट्रिय मुक्ति क्रान्तिको कार्यभार पुरा गर्ने कार्यदिशालाई बोक्न सक्नेछौं। यदि हामी यस तहसम्मको तयारी गर्न सक्छौं भने त्यही नै आत्मगत तयारी भएको मानिने छ र यसले आत्मअनुशानलाई पनि जगौदेखि बलियो बनाउँछ। आत्माअनुशासित क्रान्तिकारी योद्धाले मात्र क्रान्तिको नेतृत्व लिन सक्दछ। आत्मिक उन्नयन वा स्वविच्छेदीकरण भौतिक कुरा नभएर मनोविज्ञान, चेतना र प्रज्ञाको पश्न हो। यस्तो खालको आत्मगत तयारी सहितको नेतृत्वपुँजको विकास गर्दै जानु पर्दछ।

शुत्र

"आत्मिक उन्नयन जति बढदै जान्छ, सामाजिक सन्तुलन हुँदै जान्छ।" "आत्मगत तयारी जति अगाडी बढ्दै जान्छ संगठनको सुदृढिकरण त्यही अनुपातमा बढ्दै जान्छ।"

५.७ संगठन शैली - संगठन प्रणाली

पावर ग्याप छ त्यसैले ट्युनिंग मिलाउने, संगठित हुने, पावार फिल गर्ने

बहुल राष्ट्र राज्य, सामुदायिक समाजवाद र स्वदेशवाद राष्ट्रिय मुक्ति क्रान्तिको साध्य हो। साध्य प्राप्तिका लागि साधनको आवश्यकता पर्छ। शान्तिपूर्ण आन्दोलनको साध्य प्राप्त गर्ने साधन भनेकै संगठन हो। तसर्थ आफ्नो उद्देश्य प्राप्तिका लागि निश्चित विधि र प्रकृयामा आधारित संगठनात्मक ढाँचा चाहिन्छ। संगठन शैली - संगठन प्रणाली भनेको हाम्रो सिद्धान्त , दर्शन, नियम, योजनाको व्यवहारिक प्रयोग पनि हो।

५.७.१ पावर ग्याप छ - शक्तिको आम सिद्धान्त हो कि त्यो आफैंमा व्याप्त हुन्छ। शक्ति बन्ने बनाउने कुरा हैन। त्यो आफैं हुने हो। जस्तो कि प्रकाश एक शक्ति हो। उर्जा एक शक्ति हो। गति एक शक्ति हो। गुरुत्वाकर्षण एक शक्ति हो। शक्तिका यस्ता अनेक रुप छन।

यी कुनै पनि शक्ति मानिसले बनाएका हैनन, प्राकृतिक हुन। प्राकृतिक अर्थात् ब्रह्माण्डीय। मानिसले शक्तिको सिर्जना गर्ने हैन, स्वयं मानिसमा प्रकृतिको शक्ति व्याप्त हुने हो। तसर्थ दर्शनशास्त्रमा भन्ने गरिन्छ- व्यक्ति आफैमा एक ब्रह्माण्ड हो र ब्रह्माण्ड आफैंमा एक व्यक्ति। वैज्ञानिक दृष्टिकोणबाट हेर्दा वेदान्तको अद्धैत दर्शनले भन्ने गरेको 'अहं ब्रह्मास्मी' को अर्थ यही हो। 'अहं ब्रह्मास्मी'- मेरो शरीर र चेतन शक्ति भित्र ब्रह्माण्डका सबै भौतिक तत्व तथा उर्जा शक्ति समाहित छन। तसर्थ म नै ब्रह्माण्ड हुँ। राजनीतिको यस्तो व्याप्त, प्राकृतिक तथा ब्रह्माडीय शक्ति सधै नागरिकमा हुन्छ। आम जनतामा हुन्छ। हामीले नियम नम्बर ३ बुझ्दा पनि संस्कृतिको सम्वात्मक वा भावनात्मक अवस्था उच्चतामा पुग्यो भने पावर जेनेरेट भएको बुझ्नु पर्दछ तर, जसरी प्रकृतिमा व्याप्त शक्ति आफैं ऊर्जामा परिणत हुँदैन, त्यसरी नै राजनीति विज्ञानमा नागरिक शक्ति/साँस्कृतिक शक्ति आफैं देश(स्वदेश) बनाउने शक्तिमा परिणत हुँदैन।

मानिसले शक्ति रुपान्तरण गर्ने संयन्त्र, यान्त्रिकी वा प्रविधि बनाउँछ। त्यसैलाई हामी उर्जा उत्पादन भन्ने गर्दछौं। जस्तै- पानीमा करेन्ट आफैं व्याप्त छ। त्यो प्राकृतिक, ब्रह्माण्डीय विशेषता हो। मान्छेले पानीमा करेन्ट सिर्जना गर्ने हैन। पानीमा व्याप्त करेन्टलाई टर्वाइनमा हालेर बिजुली उत्पादन गर्ने मात्र हो। मान्छेको काम हो- टर्वाइन बनाउनु, पावर हाउस बनाउनु र बिजुली निकाल्नु। पानीको करेन्टलाई विधुत ऊर्जामा परिणत गर्नु। प्राकृतिक शक्तिलाई ऊर्जा शक्तिमा रुपान्तरण गर्नु। राजनीति सामाजिक विज्ञान भएको हुँदा यसको प्रकृया र प्रवृति केही फरक हुन्छ तर बिल्कुलै फरक हुँदैन। पानीमा करेन्ट भए जस्तो समाजमा, नागरिकमा राजनीतिक शक्ति आफैं व्याप्त छ। उक्त शक्ति रुपान्तरण गर्ने उपयुक्त संयन्त्र, यान्त्रिकी वा प्रविधि आवश्यक छ।

गति भएको कुनै वस्तु पावर विहीन रहनै सक्तैन। समाज वा राज्य पनि 'पावर ग्याप' मा बस्न सक्दैन। अहिले देशमा एक भयानक शुन्यता, शक्तिविहीनताको स्थिति व्याप्त छ। भएको राजनैतिक शक्तिहरु आउटडेटेड भैसके र नयाँ भनिएका शक्ति पनि पुरानो झैं भए सतहमा देखिएका समस्याहरु हल गर्न सक्ने शक्तिको अभाव भयो र, यस्तो शून्यता र शक्तिहिनताको स्थितिमा देश लामो समय टिक्न, बाँच्न सक्दैन। समाज शक्तिहीनतामा बस्न नसक्ने भएको कारणले अनेक प्रकारको नकारात्मक तथा ऋणात्मक शक्ति पनि जन्मिने गर्दछन। यसबखत शक्तिको सकारात्मक वा देश बनाउने उर्जामा रुपान्तरण गर्नु राष्ट्रिय मुक्ति क्रान्ति नेपालको ध्येय हो।

५.७.२ ट्युनिङ्ग मिलाउने - ब्रह्माण्डमा रहेका कुनै पनि वस्तुमा बल प्रयोग गर्यौं भने त्यो तरङ्गित हुन्छ। त्यो तरङ्गित हुने आफ्नै प्राकृतिक फ्रिक्वेन्सी (आवृति) हुन्छ, जुन त्यसको पिण्ड, आकार र प्रकारमा भर पर्छ। बाहिरबाट जतिसुकै फ्रिक्वेन्सीको तरङ्गले बलपूर्वक कुनै वस्तुलाई तरङ्गित गरे पनि त्यो वस्तु आफ्नै प्राकृतिक फ्रिक्वेन्सीमा कम्पन हुन्छ। तर महत्वपूर्ण कुरा के छ भने, बाहिरबाट त्यस वस्तुलाई तरङ्गित गर्न प्रयोग भएको फ्रिक्वेन्सी त्यसको प्राकृतिक फ्रिक्वेन्सीसँग ठ्याक्कै मेल खायो भने त्यो रेजोनेन्सको अर्थात् पूर्ण ट्युनिङ्गो अवस्था हुनजान्छ। त्यस विशेष अवस्थामा त्यो वस्तु उच्च तीक्ष्णताले तरङ्गित हुन्छ र अन्य अवस्थामा सामान्य वा सानो तीक्ष्णताले। वस्तु त्यही हो। यदि त्यसले आफ्नो प्राकृतिक फ्रिक्वेन्सीमा कम्पन हुन पायो भने उच्च तीक्ष्णताका साथ तरङ्गित हुन्छ। तर अन्य अवस्थामा बलपूर्वक कम्पन गराउँदा पनि त्यो नतिजा प्राप्त हुँदैन।

हामीलाई मन परेको रेडियो स्टेशन सुन्न मन लाग्यो भने त्यस स्टेशनले प्रसारण गर्ने फ्रिक्वेन्सी (आवृति) मा हामी आफ्नो रेडियोलाई ट्युनिङ गर्छौं। ट्युनिङ भएपछि त्यो रेडियो स्टेशन सुन्छौं। ट्युनिङ हुँदा यहाँ त्यस्तो के भएको हुन्छ जुन बेलामा त्यो रेडियो स्टेशनबाट प्रसारण भएको कुरा प्रस्ट हुन्छ अन्यथा केही पनि सुन्दैनौं वा नबुझिने गरी भ्यार्र आवाज मात्र आउँछ ? हामी वरिपरि थुप्रै रेडियो स्टेशनबाट प्रसारित विभिन्न फ्रिक्वेन्सीका तरङ्गहरु छरिएका हुन्छन्। हाम्रो रेडियोभित्र पनि विभिन्न फ्रिक्वेन्सीका तरङ्गहरु उत्पन्न गर्ने यन्त्र हुन्छ। जब हाम्रो रेडियोले उत्पन्न गर्ने फ्रिक्वेन्सी र कुनै रेडियो स्टेशनबाट आइरहेको फ्रिक्वेन्सी ठ्याक्कै मेल खान्छन् वा बराबर हुन्छन्, ठीक त्यस बेलामा मात्र आवाज प्रस्ट र ठूलो सुनिन्छ। यस अवस्थालाई रेजोनेन्स् (अनुनाद वा अनुध्वनि) भनिन्छ। जतिसुकै गतिलो रेडियो र जतिसुकै शक्तिशाली रेडियो स्टेशन भए पनि दुई वटा फ्रिक्वेन्सी मेल नखाएसम्म हामीले चाहेको रेडियोको आवाज सुन्न सकिँदैन। ती तरङ्गहरु रेजोनेटिङ फ्रिक्वेन्सीमा हुनु अनिवार्य छ।

यही कुरा दुई व्यक्तिहरुमा पनि लागू हुन्छ। यदि मेरो प्राकृतिक रुचि, सोचाइ र व्यवहार अर्कोको स्वभावसँग मेल खायो भने हामी दुई जनाको कस्तो ट्युनिङ मिलेको भन्छौं। यस अवस्थामा हामी दुई जना सँगै काम गर्दा आनन्द आउँछ र प्रतिफल पनि उच्च निस्कन्छ। संगठन बनाउन जादा हामी केवल राजनैतिक कुरा गरिरहेका हुन्छौं। उनीहरु इरिटेड हुन्छन किनभने फ्रिक्वेन्सी नै मिल्दैन, कृषकहरूलाई आफ्नो अनुभव र सरोकारको माध्यमबाट बुझाउने; खेतबारी, मल, बीउ, सिँचाइ, उचित मूल्य र बालीको बजार इत्यादिको समस्या सम्बन्धमा भन्ने। सरकारी कर्मचारीहरूलाई पनि उनीहरूको अनुभव सुन्ने सुनाउने। वैदेशिक रोजगारीमा गएका युवालाई उनीहरुको आफ्नो चिन्ता भन्ने। आखिर यी तमाम समस्याको हल बहुल राष्ट्र राज्य हुँदा मात्रै हुने हो, त्यसैले समाजमा रहेको तमाम समस्याको हल एउटै भए पनि उनीहरुको आफ्नै दुख र सरोकारको विषयहरुमा कुरा गरियो भने वा सरोकार राखियो भने, तिनीहरूले अर्थ फेला पार्नेछन्, राष्ट्रिय मुक्ति क्रान्तिको। तपाईं हामी तिनीहरूसँग अझ राम्रोसँग जोडिन सक्षम हुनेछौं। शब्द र उदाहरणको छनोट, व्याख्याको गहिराई आदि श्रोताको स्तर अनुसार हुनुपर्छ, किनकि बुझ्न नसके ठूला शब्द प्रयोग गर्नु बेकार हो। तसर्थ फ्रिक्वेन्सी मिलाउनु महत्वपूर्ण कुरा हो।

कुनै पनि परिवार, संस्था, दल, सरकार वा राष्ट्रले सफलता प्राप्त गर्न त्यसका सबै सदस्यहरुले एउटा मजबुत टीमको रुपमा कार्य गर्नुपर्छ र त्यसको शक्ति रचनात्मक रुपमा प्रयोग हुनुपर्छ। कुनै पनि टीम सशक्त हुनका लागि महत्वपूर्ण कुरा हो- त्यसमा सबै अट्न सक्ने वातावरण। सबै एक-अर्काका लागि परिपूरक हुन्छन्, निषेधित होइन। सबै आवश्यक क्षमता एउटै व्यक्तिमा नहुने भएकोले नै टीम चाहिएको हो, जसमा हरेक सदस्यको भुमीका महत्वपूर्ण हुन्छ। त्यसैले ट्युनिङ्ग मिलाउ र संगठित होउ।

५.७.३ संगठित हुने - स्वदेशीय संगठनात्मक सिद्धान्त (सप्त संगठन सिद्धान्त )

हाम्रो राजनीतिक कार्यदिशा कस्तो हुने, संगठनात्मक सिद्धान्त, विचार, नेतृत्व कस्तो हुने लगायतका विषयहरु गम्भिर छ। यसर्थ हामीले संगठन र पद्दति सम्बन्धमा उपरोक्त विचारधारात्मक तथा कार्यदिशात्मक धारलाई केन्द्रमा राख्दै राष्ट्रिय मुक्ती क्रान्तिको अभियान-संघर्ष-विद्रोहको तीन सुत्रिय कार्यदिशा भित्रबाट रणनिती, कार्यनीती, कार्य योजना र कार्यक्रमहरुलाई बोक्ने संगठन र पद्दति विकास गर्नु र निर्णय कार्यान्व्यन अनिवार्य गरिने हुनुपर्छ। नेतृत्व एवं संगठन प्रणालीको कस्तो कस्तो स्वरूप हुने ? के के गर्ने ? परिणाम के दिने ? कार्ययोजना अनुरुप कार्यक्रम बनाउँदा अर्को महत्वपूर्ण प्रश्नहरु हुन् जसको हल खोजिनु आवश्यक हुन् जान्छ। "स्व सत्ताको लागि संघर्ष र संघर्षको लागि उत्पीडित राष्ट्रहरुसंग संगठन वाहेक अरू कुनै हतियार छैन।" अत्याधिक लोकतान्त्रिक प्रकृयाले क्रान्तिलाई विकेन्द्रित गर्छ र रोक्ने वा भडकाउने वातावरण बनाइदिन सक्छ, त्यसैगरी शक्तिको अत्यधिक एकाग्रताले क्रान्तिले नयाँ अधिनायकवादी व्यवस्थाको नेतृत्व गर्ने सम्भावना हुन् सक्छ, त्यसैले चरण चरणमा संरचना परिवर्तन गरिरहनु पर्दछ, त्यसैको निम्ति पनि आफ्नै संगठनात्मक सिद्धयान्तको आवश्यकता परेको हो। राष्ट्रिय मुक्तिको सवाल र उक्त सवाल हल गर्ने दर्शन एवं सिद्धान्त लाई अभ्यासमा लैजानको निम्ति पनि, अगाडि बढाउन पनि जुन संगठनको आवश्यकता पर्छ त्यो पनि हचुवाको तालले बनाए त्यो केवल क्रमकाण्डी मात्रै हुन् जान्छ, त्यसैले स्वदेशीय संगठनात्मक सिद्धान्तको आवश्यकता परेको हो।

(१) नेतृत्व प्रणाली - "एकीकृत नेतृत्व मोडेल" को विकास

राष्ट्रिय मुक्ति क्रान्ति नेपालको कार्यनीति एवं कार्ययोजना सफलता पुर्वक सम्पन्न गर्नको निम्ति ठिक ढंगको नेतृत्व आवश्यक हुन्छ। ठिक ढंगको भन्नाले अ-औपनिवेशिक चिन्तन सोच भएको, पहिचान (राष्ट्रियता अनुरुप संस्कृति) प्रति कट्टरता भएको साथै अन्य राष्ट्रप्रति सहिष्णुता, सहहृदयता भएको नेतृत्व आवश्यक हुन्छ। वास्तबमा नेतृत्व लामो प्रकृया, संघर्ष र गतिशीलताबाट जन्मिने कुरा हो, जोखाना हेरेर होइन। सामाजिक असमानता बुझेको आर्थिक, सामाजिक समस्या हल गर्ने क्षमता भएको नेतृत्व आवश्यक हुन्छ।

वास्तबमा राष्ट्रिय मुक्ति क्रान्ति नेपालको नेतृत्व गर्न ज्ञान-विज्ञानको साथै कूटनीति र भू-राजनीति बुझेको हुनुपर्छ। नेतृत्वले मात्रै होइन कूटनीतिज्ञ र भू-राजनीतिज्ञले पनि नेतृत्वलाई बुझेको हुनुपर्छ। स्वदेशवादी नेतृत्व भनेको ज्ञान र बुद्धिको संयोजन मात्र होइन त्यो भन्दा बढी भावनात्मक परिपक्वताको संयोजन पनि हो। त्यसैले अबको नेतृत्वमा चेतानात्मक भन्दा पनि भावनात्मक परिपक्वता र कन्भिन्सिङ क्षमता पनि अनिवार्य शर्त हो। नेतृत्व सिद्धान्त र विचारमा असल मात्र भएर पुग्दैन, बेगवान र गतिशील पनि हुनु आवश्यक छ। उसलाई स-साना उल्झनमा अल्झिने छुट हुँदैन। नेतृत्व एक आयामिक हैन, बहुआयामिक हुनुपर्छ। यस्तो खालको नेतृत्वले मात्रै अहिलेको सामाजिक अन्तरविरोध हल गर्न सक्छ। नेतृत्वमाथि विश्वास पनि हुनुपर्दछ। विश्वासको आधार तीन वटा छ, एउटा एतिहासिक प्रामाणिकता, दोस्रो तर्क र तेस्रो सहानुभूति हो। सहानुभूति नेतृत्वप्रति होइन कि बरु नेतृत्वले विश्वास गर्न चाहने प्रति राखेको छ वा छैन, त्यस बखत हाम्रो विश्वास नेतृत्व उपर हुन् थाल्छ। जब विश्वास हराएको छ, बुझ्नुपर्छ कि यी तीन ड्राइभरहरू मध्ये एकमा ब्रेकडाउन लागेको छ। विश्वासको गणना अनुहार भन्दा पनि भावना मुख्य कुरा हो, अनुहारका कुरा त फेरी नश्लीय कुरा हुन् जान्छ। अर्को महत्वपूर्ण बुझ्नु पर्ने कुरा के हो भने केही मानिसहरु भनिरहेको हुन्छ कि यस्तो क्रान्तिको निम्ति त फ्रेस नेतृत्व चाहिन्छ अर्थात नचिनिएको वा नयाँ अनुहार तर दुनियाँको अनुभवले के सिद्ध गरेको छ भने फ्रेस नेताको नेतृत्वमा या त हिंसात्मक क्रान्ति भएको छ या त पपुलर आन्दोलन हामीले चाहेको जस्तो अहिंसात्मक आन्दोलन जुन राज्यको व्यवस्था र अवस्था परिवर्तनको निम्ति हो, त्यसको निम्ति फ्रेस होइन कि बरु नैतिक बल भएको रिफ्रेस नेतृत्व नै चाहिन्छ। नेतृत्व फ्रेस हुने कि रिफ्रेस हुने आजको मुख्य सवाल यो पनि हो, सौभाग्यले हामी राष्ट्रिय मुक्ति क्रान्ति नेपाल कै निम्ति बनेको मुख्य नेतृत्व पाएका छौं। नेतृत्व सदैव खास परिस्थितिसँग सम्बन्धित हुन्छ। त्यसैले परिस्थितिअनुकूल उपयुक्त नेतृत्व अपनाउनुपर्छ।

नेतृत्व एक महत्वपूर्ण व्यवस्थापकीय कार्य हो। कुशल तथा प्रभावकारी नेतृत्वको अभावमा संगठनात्मक उद्देश्य प्राप्त गर्न सम्भव हुँदैन। नेतृत्व भनेको व्यक्ति मात्र होइन गुण, शैली र कला पनि हो र त्यसैगरी यो एक जना नेता मात्र पनि होइन, नेताहरुको समुह पनि हो। त्यसो हो भने नेतृत्व मोडेल के हुने ? यो सवालको हल खोज्दा राष्ट्रिय मुक्ति क्रान्ति नेपाल मुख्यत: संघर्ष विद्रोहको अवस्थामा रहने भएको हुँदा "एकीकृत नेतृत्व मोडेल" हामीले विकास गर्नु परेको छ।

किन, कस्तो, के के गर्ने र परिणाम के दिने ?

यस्तो नेतृत्व भनेको कुनै व्यक्ति होइन, सम्पूर्ण टीम हो। सामुहिक नेतृत्व भनेको फरक फरक नेताहरुको छुट्टाछुट्टैअस्तित्व रहेको एउटा संस्था हो। संघर्षको, क्रान्तिको पिरियडमा सामुहिक नेतृत्व मोडेलले शक्तिको उत्सर्जन गर्न सकिदैंन, बरु झन् बिसर्जन हुन्छ। त्यसैले यस बखत एकीकृत नेतृत्व मोडेलको विकास गर्नुपर्दछ। यहाँ टीम हुन्छ, यसमा संलग्न सम्पूर्ण टोलीले स्वामित्व लिन्छ, उनीहरुको स्वायत्तता पनि हुन्छ तर एकीकृत नेतृत्व मोडेलले संलग्नताको भावनालाई बढावा दिन्छ। एकीकृत नेतृत्व भनेको एक जना व्यक्ति होइन, एकीकृत नेतृत्वको गुण भएको एउटा टीम हो। यस्तो गुण भएकाहरु बढ्दै जादा टीम पनि बढ्दै जाने हो। नेतृत्वले सामूहिक भाव जगाउन सक्नुपर्छ/। अन्य पक्षलाई सामेल गराउन नसक्नाले पनि नेताहरू प्राय: एक्लिँदै जान्छन्/। जसले

बाँकी पृष्ठ ६ मा

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# अहिले हामी आत्तिएका छैनौं, परिस्थिति परिवर्तन हुन्छ



**मनिष झा**

**कार्यवाहक प्रवक्ता एवं सांसद, राष्ट्रिय स्वतन्त्र पार्टी**

**० रास्वपा सभापति गत कात्तिक २ गतेबाट निरन्तर हिरासतमै हुनुहुन्छ ? पार्टी अगाडि बढाउन कत्तिको गाह्रो परिरहेको छ ?**

– गाह्रो छैन । हाम्रो बारेमा हामी भन्दा धेरै बाहिरका प्रियजनहरू चिन्तित हुनुहुन्छ । कसैले त चिन्ता बेगर पनि अनेक कुराहरू गरिरहनुभएको छ । लौ, के होला नि भनेर चिन्ता छ । वैकल्पिक एउटा राजनीतिक दल आयो । नयाँ पुस्ता आयो । तर, उनीहरू कतै अनिश्चिततातिर त गएका छैनन् भन्ने आम मानिसको सरोकार छ । यसलाई हामीले सकारात्मक लिएका छौँ । अरू पार्टी विशेषत: कांग्रेस र एमालेका धेरैजना खुच्चिङ भन्ने अवस्थामा हुनुहुन्छ । अरू त हाम्रा सुभेच्छुक हुनुहुन्छ ।

पार्टीको एकजनालाई अभियोग लागेको छ र निलम्बन भयो भन्दैमा अभियान नै रोकिन्छ वा अगाडि नै बढ्दैन भन्ने होइन । अरू पार्टीभन्दा रास्वपामा के फरक छ भने दोस्रो पुस्ता वा नेतृत्वको जिम्मेवारी लिएर अगाडि बढ्न सक्ने क्षमता, सम्भावना र स्वीकार्यता भएका नयाँ अनुहार छन् ।

सभापति रवि लामिछाने कहिल्यै फर्कनु नै हुन्न र उहाँको राजनीतिक यात्रा यहाँ नै टुङ्गियो भनेको पनि होइन । मुद्दा एउटा किनारा लागेपछि उहाँ जिम्मेवारीमा फर्कन सक्ने सम्भावना त छ नि । त्यो अवस्थासम्मका लागि सम्हाल्नका लागि कसरी अगाडि बढ्ने र के गर्ने भन्ने हाम्रो बैठक नै तय भइसकेको छ । अब कसरी अगाडि बढ्ने भनेर बैठक बोलाइएको छ ।

अदालतमा मुद्दा दर्ता भएपछि पनि चार-पाँचवटा जिल्ला भेला भइसकेका थिए । पछिल्लोपटक कञ्चनपुको भेला भएको छ । अभियान रोकिएको छैन । हामी नियमित प्रकियामा छौँ ।

**० यहाँहरूले डीपी अर्याललाई कार्यवाहक सभापति त तोक्नुभयो तर जनतामा भिजेको नेता भएन भनेर टिप्पणी आइराखेका छन् । पार्टी परिचालित हुन गाह्रो होला कि भन्ने चिन्ता छैन ?**

– हैन । कार्यवाहक उपसभापति डीपी अर्यालजीलाई जनताले चिन्नु- नचिन्नु अलग कुरा हो । उहाँ संस्थापक उपसभापति हो । पार्टीलाई राम्रोसँग बुझ्नु भएको छ । अहिले कांग्रेस-एमालेले चिन्ने नेता चाहियो कि कार्यकर्ताले चिन्ने नेता चाहियो ? यो प्रश्न छ । अहिले पार्टी सम्हाल्नका लागि हामीलाई चाहिने नेता बनाएको हो । उहाँले स्थापनाकालदेखि व्यक्ति, पार्टी, जनता सबैलाई नजिकबाट नियाल्नु भएको छ ।

अर्को उपसभापति डा. स्वर्णिम वाग्लेले पनि उहाँलाई समर्थन गर्नुभएको हो । फेरि, हामी त महाधिवेशनको सँघारमा छौँ । हामीले ५ वर्षका लागि नै उहाँलाई बनाएको होइन । हामी सबैले महाधिवेशनको तयारीका लागि जिल्ला भेलाहरू गरिरहेका छौँ । प्रकृया नियमितरूपमा अगाडि बढिरहेको छ । यस्तो बेलामा लामो समय तोकिएको हैन । तर, उहाँ फेरि महाधिवेशनबाट तोकिएर अथवा चुनिएर आउँनुहुन्छ भने त्यो त उहाँको क्षमता हो । यसलाई स्वाभाविक रूपमा लिनुपर्छ ।

**० यहाँहरूले महाधिवेशन बैशाखमा गर्ने भन्नुभएको छ । सभापति कारागार नै चलान हुने अवस्था भए पनि यहाँहरूले महाधिवेशन गर्नुहुन्छ ?**

– दलको प्रकृया लगातार भइरहेको छ । जुन दिन उहाँको मुद्दा दर्ता भइरहेको थियो, त्यो दिन जिल्लाका तीन-चारवटा भेला थिए । त्यो कुराले नै हामी के गर्छौं भन्ने जवाफ दिइसकेको छ । रास्वपा आफ्नो नियमित प्रकृयाहरुमा अगाडि बढिरहेको छ र निरन्तर अगाडि बढ्छ भन्ने जवाफ त त्यही कुराले दिएको छ । शोकमग्न भएको छैन ।

र, अर्को कुरा हामीले न्याय पाउँछौं भन्ने विश्वास छ ।

रास्वपाले आफ्नो राजनीतिक प्रकृया अगाडि बढाएर जान्छ । सभापति जहाँ भए पनि हामी पार्टी बलियो बनाएर जान्छौं ।

**० यहाँहरूलाई अझ पनि लाग्छ, सभापति निर्दोष हुनुहुन्छ ?**

– लाग्छ । केही हदसम्म जानी-नजानी उहाँका गल्ती कमजोरी भए होलान् तर पूरै उहाँ दोषी भएको हैन । सहकारीको रकम मिडियामा लगानी गरेर जनता फसाउन खोजेको भने हैन ।

उहाँहरूलाई पनि फसाइयो होला कुनै ग्रुपबाट । जीबी राईलाई पनि त सरकारले समात्न सक्नुपर्थ्यो नि । यत्रो दुई तिहाइको सरकार, उनलाई नसमातेर सभापतिमाथि मात्र खनिने ? हामीलाई सभापतिमाथि पूरा विश्वास छ ।

अदालतले कस्तो किसिमको निर्णय गर्ला भन्ने कुराको आकलन राज्य, राजनीतिक दल वा सत्ता गठबन्धनले कुनै व्यक्तिप्रति राखेको अवधारणाका आधारमा आकलन गरिन्छ भने यो निष्पक्षता हैन । सत्तापक्षले प्रतिपक्षी र व्यक्तिहरुप्रति कस्तो व्यवहार गरेको छ भन्ने आधारमा अदालतबाट कस्तो निर्णय गरिन्छ र हामी कति निष्पक्ष अभ्यासमा छौँ भन्ने त्यही अदालतले जवाफ दिन्छ । न्यायालयले क्षमता, अभ्यास, विवेक हेरेर निर्णय देला भन्ने आश पनि छ हाम्रो ।

**० रास्वपाका ११ लाख ३० हजार मतदाताले रवि लामिछाने र रास्वपामाथि जुन विशवास गरेर मत दिएका थिए, विभिन्न काण्डले गर्दा जनताको यो विश्वास गुम्दै त गएको छैन ? कसरी मूल्याकन गर्नुभएको छ ?**

– अहिले यो कुरा बुझाउनका लागि हतार गरिहाल्नुपर्ने अवस्था छैन । अहिले नबुझाए दुर्घटना भइहाल्ने अवस्था पनि छैन । सामान्य प्रकृर्यामा रहेकाले केही समयसम्म कुर्न सकिन्छ जस्तो लाग्छ । अर्को कुरा, यो अरूले लगाइदिएको अभियोग हो । प्रमाणित हुन त बाँकी छ । तर, एउटा अभ्यास के भयो भने यहाँकै मिडियामा एमाले नेता तथा लेखा समिति सभापति ऋषिकेश पोखेलले सहकारीको रकम हिनामिना गरेर फरार श्रीमतीको बिदा थप्न पत्र लेख्नुभएको पढेको थिएँ ।

उहाँहरूमाथि चाहिँ अनुसन्धान हुनुपर्दैन ? कांग्रेस उपसभापति धनराज गुरुङ र उहाँको श्रीमती ज्योति गुरुङको केस कहाँ पुग्यो ? सत्तापक्षका नेताहरूमाथि चाहिँ जति आरोप, अभियोग भए पनि सत्य हुने अनि प्रतिपक्षी नेतामाथि चाहिँ प्रहार हुने ? यो त भएन । हाम्रो सभापतिले त अनुसन्धानलाई सघाउनुभएको छ । सत्ता पक्षमा किन देखिएन यो अभ्यास ? यो कुराले नै कति पक्ष छ र कति निष्पक्ष छ भनेर देखाउँछ ।

सार्वभौम समितिको सभापतिले पक्राउ पुर्जी जारी भएको मान्छेको बिदा माग्छ, अनि सरकार केही देख्दैन भने त यो सबै कुरामा प्रतिशोध र निष्पक्षता कति छ भनेर त आँखै अगाडि मान्छेले बुझ्न सकिहाल्छ नि ।

सभापतिलाई लागेको अभियोग हो । प्रमाण भए त हामी अदालतको निर्णय मान्छौं भनेकै छ । अर्को कुरा, जुन किसिमले सुरुमा सहकारीको मुद्दा लगाइयो, त्यसपछि सम्पत्ति शुद्धीकरण, त्यसपछि संगठित अपराध भन्दै मुद्दा थप्दै लगियो । यो कुराले 'मसँग डाडु पन्यु सबै छ भने म तँलाई जुनसुकै बेला सिद्ध्याउँछु' भनेको जस्तो भयो ।

नेपाली कांग्रेसमा शेखर कोइरालाले हल्ला गर्छन् भने नगर है म मुद्दा लगाएर फसाउँछु भन्न पनि सक्छन् नि । एमालेमा पनि कसैले नेतृत्वविरुद्ध कुरा गऱ्यो भने उसलाई पनि ठोकेर भित्तामा पुऱ्याउने अभ्यास भयो । यो कुराले त कुनै एउटा कुरामा फसाएर गलत तरिकाले मुद्दा लगाउने गलत राजनीतिक अभ्यास भयो । यो आभासचाहिँ भएको छ ।

उहाँहरूलाई व्यक्तिगत रूपमा र तत्कालीन रूपमा फाइदा होला तर यसले देश, राजनीति र समाजलाई चाहिँ फाइदा हुँदैन । अहिले सत्तापक्षले जुन तरिकाहरू अपनाएको छ, त्यो सबै ठिक हो भन्ने स्थिति छैन । खै त सम्पत्ति शुद्धीकरणमा उहाँको यति खातामा यति-यति पैसा छ भनेर लेखिएको छ नि, तर त्यो पैसाको स्रोत के हो भनेर सोधियो र ? के थाहा, उहाँको आर्थिक हैसियत नै त्यति थियो कि ? मैले कुनै साथीलाई मागेर राखें कि ? सोधेर पो लेख्ने हो त । मिडियाले पनि यस्तो प्राक्टिस गरिरहेको छ ।

यो सबै प्रश्नको जवाफ समयले दिन्छ । संगठन, पार्टीको भविष्य र अभियोगका बारेमा निष्कर्षमा पुग्नुपर्ने बेला भइसकेको छैन । केही समय पर्खनुपर्छ । किन हतार गर्ने ? केही समय भनेको केही वर्ष होइन । केही हप्ता, केही महिना, केही दिन हो । अहिले अदालतमा बयान नै सकिएको छैन । बहस र निर्णय बाँकी छ । जनताले पनि पर्खनुहुन्छ ।

**० तर, अनुसन्धान नै बाँकी रहँदा रविको सांसद पद निलम्बन भइसक्यो र संसदीय समितिबाट पनि हटाइसकियो...**

– यसले त हामीलाई सहयोग पुगेको छ भन्नुपर्छ अहिले । कसले के गऱ्यो, के भन्यो र कसरी निर्णय गऱ्यो भनेर सबैको चरित्र देखिएको छ । राजनीतिक दलले सबै प्रक्रिया नपुगेकै अवस्थामा उनीहरूले जुन निर्णय गरिरहेका छन्, यो निर्णयबाट उनीहरू के चाहन्छन् भन्ने स्पष्ट भएको छ र उनीहरू नै नाङ्गिइरहेका छन् ।

सांसद टेकनारायण गुरुङका बारेमा सर्वोच्चले कस्तो निर्णय गऱ्यो ? समितिले के गऱ्यो ? थमन विकको हत्या आरोपमा फरार महोत्तरी-१ बाट निर्वाचित सांसद लक्ष्मी कोइरी निलम्बन हुँदैमा समितिबाट निकालेको थियो त ? समिति सभापतिहरूले पनि टेकबहादुर गुरुङ र कोइरीलाई ननिकाल्ने अनि रवि लामिछानेको चाहिँ रिट दर्ता हुँदैखेर निकाल्ने ? यसको जवाफ त दिनुपर्छ नि ।

**० रास्वपा स्थापना भएको दुई वर्ष नबित्दै काण्डै काण्ड आएर जनता सशंकित भएका छैनन् ?**

– यो परिस्थितिको उपज हो भनेर बुझ्नुपर्छ । अब अन्य मिटिङ र बैठकमा केही निर्णय गर्ला । अहिले रहेको कार्यवाहक हटाएर केही नयाँ जिम्मेवारी पनि दिइएला । संसदीय दलको नेताबाट हटेपछि एउटा बैठक पनि बस्न सकेको छैन । सभापतिको बयान नै बाँकी छ । उहाँको बयानका बेला हामीले हत्त न पत्त यो अर्को तोकिहाल्नुपर्ने अवस्था छैन । केही दिन समय लिन सकिन्छ ।

सभापतिज्यूले पनि पार्टी गतिशील हुनुपर्छ भनेर भनिरहनु भएको छ । सभापतिले पुराना पार्टीले सिध्याउन गरेको चाललाई बुझेर पार्टी नयाँ शिराबाट अगाडि बढ्नुपर्छ, म जहाँ भए पनि पार्टी गतिशील भएर जानुपर्छ भनेर भनिरहनुभएको छ । सभापति त अझ पार्टी विस्तार भएर जानुपर्छ भनेर चिन्तित हुनुहुन्छ नि ।

**० उसोभए यहाँहरू जनतालाई के भन्नुहुन्छ ?**

– यो अलि अप्ठ्यारो समय हो । यो नियमित हैन । पार्टीको घोषणा कार्यक्रममै पार्टीको संस्थापक सभापति रवि लामिछानेले काठमाडौंमा ०७९ साल असार ७ गते भन्नुभएको थियो, हामीले अरूको हिलो सफा गर्दै गर्दा त्यो हिलो हामीमा पनि छ्यापिन सक्छ र यहाँहरू कन्फ्युज्ड हुन सक्नुहुन्छ ।

अहिले उनीहरूको हिलो सफा गर्दै गर्दा हामीमा हिलो छ्यापिएको छ । उनीहरूको हिलो सफा गर्दा हामीमा हिलो लागेको हो । त्यसकारण यो निष्कर्षमा नपुग्नुहोस्, हामी अप्ठ्यारोमा छौँ । तर, यसको समाधान हुन्छ । अकवरले वीरबललाई सोधेछ- मलाई यस्तो कुरा भन, जुन कुराले नआतिउँ, नमात्तिउँ । वीरबलले भन्यो- जुनसुकै परिस्थितिमा तिमी यो सोच्नु कि यो समय बितेर जाने छ । यसरी नै यो समय बितेर जाने छ । अहिले हामी आत्तिएका छैनौं । यो समय यत्तिकै रोकिँदैन । यो त अगाडि बढ्छ । परिस्थिति परिवर्तन हुन्छ ।

# मधेश प्याब्सनको वार्षिकोत्सव मनाइयो

जनकपुरधाम । मधेश प्याब्सनको ९औं वार्षिकोत्सव मनाइएको छ । प्रा.अमरेन्द्र कुमार झाको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्दै अघि बढनु पर्नेमा जोड दिएका थिए । मधेश प्याब्सनमा आवद्ध निजी विद्यालयहरुले मापदण्ड पूरा गरेर व्यवस्थित तरिकाले अघि बढ्नुपर्ने धारणा उनको थियो । साथै कम्पनी रजिष्ट्रारले नयाँ विद्यालय संचालन गर्न रोके पनि शैक्षिक गुठी अन्तर्गत नयाँ विद्यालय संचालन, अपग्रेड लगायतका सम्बन्धमा कार्यविधि छिट्टै तयार भएर कार्यान्वयन हुने नगर प्रमुख साहले बताए ।




नगर प्रमुख साहले जनकपुरधामका गुगल प्रसाद, ज्ञान कूप लगायतका प्राविधिक शिक्षालयहरु राम्रो गुणस्तरीय शिक्षा प्रदान गरीरहेको बताएका हुन् ।

विशिष्ट अतिथि शिक्षा, यूवा तथा खेलकुद महाशाखा प्रमुख धिरेन्द्र लाल कर्णले सँयुक्त रुपमा पानसमा राखिएको दिप प्रज्जवलन गरी तथा माता सरस्वतीको प्रतिमामा फुल,माला तथा अविर चढाई कार्यक्रमको उद्घाटन गरेका थिए । त्यसैगरी औपचारीक रुपमा राष्ट्रिय गान बजाइएको थियो ।

कार्यक्रममा मधेश प्याब्सनका जिल्ला अध्यक्ष सुजित मिश्रले स्वागत मन्तब्य राखेका थिए ।

मधेश प्याब्सनका केन्द्रीय अध्यक्ष अमरेन्द्र कुमार झाको अध्यक्षतामा भएको वार्षिकोत्सव कार्यक्रममा नगर प्रमुख साहले गुणस्तरीय शिक्षालाई मुलमन्त्र बनाएर अघि बढनुपर्ने बताए । नगरमा संचालनमा रहेका निजी विद्यालयहरु कानूनी प्रक्रिया पूरा गरेर संचालन गर्नुपर्नेमा जोड दिदै यसमा पालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता जनाए ।

सो अवसरमा एनप्याब्सनको केन्द्रीय उपाध्यक्ष ब्रजेन्द्र मिश्रले मधेश प्याब्सनको ९ औं वार्षिकोत्सवको शुभकामना दिनुका साथै वर्तमान समसामयिक शिक्षा जगतका समस्याहरुबारे प्रकाश पारे । मिश्रले अहिलेको बन्न लागेको शिक्षा विधेयक प्रति आपति जनाउदै सामाजिक सुरक्षा कर नीजि विद्यालयको हकमा नरहेको बताए ।

प्याब्सनका मधेश प्रदेश सचिव विश्वलाल सिंहले निजी विद्यालयले आफ्नो स्तरबाट शिक्षा क्षेत्रमा सुधारका लागि प्रयासरत्त रहेको बताए । ऐन कानून सम्बन्धी जटिलताले निजी विद्यालय संचालकहरुलाई पिरोलेको अनुभव सुनाउँदै प्रक्रिया पूरा गर्दा स्थानीय सरकारलाई सहयोगको लागि आग्रह गरे ।

सो अवसरमा सिद्धार्थ शिशु सदनका प्रिन्सिपल राजु यादवले जनकपुरधामका निजी विद्यालयले उत्पादन गरेको जनशक्ति एशियादेखि युरोपसम्म नाम र दाम कमाइरहेको बताए । जनकपुरधाम शिक्षामा कहिल्यै पछाडि नरहेको दावी गर्दै यादवले यहाँको शिक्षा सदैव स्तरीय रहेको बताए ।

शुभकामना मन्तव्य राख्दै एमाले नेतृ चाँदनी झाले निजी विद्यालयहरुले शिक्षालाई व्यवसायिक नबनाई सेवामूलक बनाउनुपर्नेमा जोड दिइन् । जनकपुरधामका निजी विद्यालयहरुले विभिन्न नाउँमा शुल्क लिदा अभिभावक आजित भएको सुनाउँदै यसमा पनि ध्यान दिन जरुरी रहेको उनले भनिन् ।

त्यसैगरी एनप्याब्सनको सचिव डि.के.चौधरी, मधेश प्याब्सनको कानूनी सल्लाहकार अधिवक्ता कृष्ण कुमार झा, हाडजोर्नी तथा नशाको चिकित्सक आशिक झा, एमाले नेत्री ममता मिश्र पाठक तथा मधेश प्याब्सनको महासचिव सुवोध मिश्रले ९ औं वार्षिकोत्सवको विशेष शुभकामना दिदैं समसामयिक जनकपुरधामको शिक्षा जगतको बारेमा चर्चा गरेका थिए ।

मधेश प्याब्सनको केन्द्रीय सल्लाहकार भोला मिश्रले वार्षिकोत्सवको सफलताको शुभकामना दिँदै मधेश प्रदेशको परीक्षा प्रणाली चुस्तदुरुस्त हुनु पर्ने बताए ।

कार्यक्रममा मधेश प्याब्सन तथा गोदाबरी सेकेण्ड्री स्कुलको संस्थापक स्व.महेश्वर सिंहको श्रद्धाञ्जली स्वरुप एक मिनेटको मौन धारण गरिएको थियो ।

अन्त्यमा कार्यक्रमको अध्यक्ष तथा मधेश प्याब्सनको केन्द्रीय अध्यक्ष झाले उपस्थित प्रमुख अतिथि,विशिष्ट अतिथि,अतिथि,मधेस प्याब्सनका पदाधिकारी तथा सदस्य विद्यालयहरु,पत्रकार,सुरक्षा निकाय,कर्मचारी,विद्यार्थीहरु तथा सम्बन्धीत सरोकारबालाहरु प्रति कृतज्ञता तथा धन्यबाद प्रकट गरे । उनले खास गरेर मधेश प्याब्सनको महासचिव सुबोध मिश्र तथा ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलको प्रधानाध्यापक पवन कुमार साहलाई भावुक भएर सहयोग तथा त्यागको लागि विशेष धन्यवाद व्यक्त गरेका थिए ।

अध्यक्ष झाले जनकपुरधामको परीक्षा प्रणालीमा विकेन्द्रीकरण गर्नुपर्नेमा जोड दिए । टिसीको व्यवस्थाबारे चर्चा गरिए पनि अहिलेसम्म लागु नभएको कारण अहिले पनि जनकपुरधामको शिक्षा व्यवस्था अस्तव्यस्त रहेको दुखेसो अध्यक्ष झाले व्यक्त गरे ।

जनकपुरधामको शिक्षा प्रणालीको सुधारको लागि मधेश प्याब्सन नगर प्रमुख तथा शिक्षा महाशाखाको साथ भूतकालममा तथा वर्तमानमा रहेको तथा भविष्यमा पनि रहने बाचा अध्यक्ष झाले गरे ।

कार्यक्रमको अन्त्यमा मधेश प्याब्सनको ९ औं वार्षिकोत्सवको अवसरमा अध्यक्ष तथा प्रमुख अतिथिले सँयुक्त रुपमा केक काटी एक अर्कालाई केक खुवाएका थिए ।

कार्यक्रममा गैलेक्सी प्लस टु क्याम्पस, शिव शारदा सेकेण्ड्री स्कुल, गोदाबरी सेकेण्ड्री स्कुल तथा ग्रीन उड ई.बो.स्कुलका विद्यार्थीहरुले सुन्दर नृत्य प्रस्तुत गरेका थिए भने तिनीहरुलाई प्रमुख अतिथि नगर प्रमुख साहले प्रशंसा पत्र प्रदान गर्नु भएका थिए ।

त्यसैगरी प्रमुख अतिथि साह तथा विशिष्ट अतिथि कर्णलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै मायाको चिनो समेत अध्यक्ष झाले प्रदान गरेका थिए ।

कार्यक्रममा उद्घोषण लवदीप साँस्कृतिक केन्द्रको संस्थापक लव ठाकुर(लव सर) तथा मधेश प्याब्सनको जिल्ला अध्यक्ष सुजित मिश्रले गरेका थिए । कार्यक्रममा मेडिया पार्टनरको भूमिका निर्वाह जलेश्वरटुडे दैनिक तथा अनलाइनले गरेका थिए ।

# कृषि पत्रकार पौडेललाई पृथ्वी पुरस्कार दिइने



बर्दिया । संयुक्त राष्ट्रवादी नेपाली संगठन बेलायतका अध्यक्ष भरत क्षेत्री आफैंले स्थापना गरेको पृथ्वी पुरस्कार यस वर्ष बर्दियाका कृषि पत्रकार कमल राज पौडेललाई दिइने भएको छ । लन्डनमा ११ जनवरी पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउने तयारी अन्तिम भइरहंदा अध्यक्ष क्षेत्रीले यसवर्ष पौडेललाई एक लाख रुपैयांको पुरस्कार दिने घोषणा भएको जानकारी दिए । राजनीतिमा आवद्ध नरहेको, राष्ट्रियताका सवाल र पृथ्वीनारायण शाहबारे वकालत गर्दै आएका एक जना स्वतन्त्र बुद्धिजिवीलाई उक्त पुरस्कार वर्षेनी प्रदान गरिने क्षेत्रीले बताए ।

गोल्डेन सिप रेष्टुरेन्ट लन्डनमा दिउसो हुने उक्त कार्यक्रममा बेलायतस्थित विभिन्न संघसंस्थाका प्रतिनिधि, वुद्धिजिवी तथा नेपाली दुतावास परिवार लगायत लन्डनमा रहने गैरआवासिय नेपाली समाज जोडिने क्षेत्रीले बताए ।

उनका अनुसार, २०६२/२०६३ को राजनीतिक परिवर्तन पछि नेपाल सरकारले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती एवं राष्ट्रिय एकता दिवस मनाउन छोडे पछि विभिन्न तहबाट राष्ट्रनिर्माता प्रति चौतर्फी नकारात्मक हमला बढिरहेको बेला २०६५ साल देखि बर्दियामा नागरिक स्तरबाट पृथ्वी जयन्ती राष्ट्रिय एकता दिवस मनाउने कार्यक्रम शुरु गर्नुका साथै सबै सरकारी गैर सरकारी संघसंस्थाहरुमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्बिर राख्ने अभियान सहित बर्दियाको गुलरियामा शालिक निर्माण गरी योगदान पुऱ्याएकोले पौडेललाई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०३ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा पुरस्कृत गरिँदैछ । पृथ्वी पुरस्कार पहिलो वर्ष प्राध्यापक तथा राजनीतिक विश्लेषक डा सुरेन्द्र केसी, दोस्रो बर्ष मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराज र तेस्रो वर्ष पर्यटन व्यवसायी एवं पृथ्वी विचार अभियन्ता भरत बस्नेतलाई प्रदान गरिएको थियो ।

# समाजवादी विद्यार्थी युनियनको महाधिवेशन चैत ७-८ गने भैरहवामा हुने

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल निकट समाजवादी विद्यार्थी युनियन नेपालको राष्ट्रिय महाधिवेशन आगामी चैत ७ र ८ गते भैरहवामा हुने भएको छ । काठमाडौंमा शनिबार समाजवादी विद्यार्थी युनियन नेपालका केन्द्रीय अध्यक्ष



रमेशकुमार यादवको अध्यक्षतामा बसेको पदाधिकारी बैठकले सो निर्णय गरेको हो । सो बैठकले केन्द्रीय समितिलाई महाथिवेशन आयोजक समिति बनाउने निर्णय गर्दै महाधिवेशनलाई भव्य रुपमा सफल बनाउनका लागि विभिन्न उपसमितिहरु समेत गठन गरेको अध्यक्ष यादवले जनाएका छन् । बैठकमा प्रमुख बक्ताको रुपमा जसपा नेपालका केन्द्रीय महासचिव रामकुमार शर्मा, केन्द्रीय सचिव शैलेन्द्र साह, केन्द्रीय सदस्य एवं युवा, विद्यार्थी तथा खेलकुद बिभाग प्रमुख विदेश्वर प्रसाद यादव (बिक्की), उपप्रमुख कृष्ण शंकर साह, केन्द्रीय सदस्य सुरेन्द्र साह तथा केन्द्रीय सदस्य अशोककुमार यादवको विशेष उपस्थिति रहेको थियो ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# राजदेवी नपा ५ मा आगलागी हुँदा ८ घर जलेर नष्ट



राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ५ पताही टोलमा आइतबार राती आगलागी हुँदा ८ जनाको घर जलेर नष्ट भएको छ । राती करिब १२ बजेर ४५ मिनेटको समयमा आगलागी हुदा पासवान समुदायको ८ परिवारको फुसको घर जलेको हो।

आगलागीमा सबैभन्दा बढी क्षति स्थानीय बाबुलाल पासवानको भएको हो। पीडितका अनुसार जग्गा खरिद गर्नको लागि घरमा राखेको १७ लाख नगद जलेको हो। सुतिरहेको बेला आगलागी भएकोले घरमा रहेको समान निकाल्न नसकेको उहाको भनाइ रहेको छ। सुतिरहेको व्यक्ति ज्यान जोगाउन सफल भएपनि घरमा रहेको खाद्यान्न सामग्री पूर्ण रुपमा जलेर नष्ट भएको छ ।

आगलागी कसरी भयो भने जानकारी नभएको बताउँदै उनले आगो लागेपछि थाहा भएको जनाए । आगलागीबाट स्थानीय रामनाथ पासवान, जगरनाथ पासवान, सोगारथ पासवान, प्रदीप पासवान, दिपेन्द्र पासवान, कान्ति देवी र नागेन्द्र पासवानको घर जलेको वडा अध्यक्ष सुरेश पण्डितले बताएका छन् ।

घरमा भएको गहुँ, धान, चामल, विद्युतीय सामग्री, भाडा वर्तन, लता कपडा नष्ट भएको पीडितहरूले बताएका छन् । गौर नगरपालिकाबाट गएको बारुण यन्त्रको सहयोगबाट आगो नियन्त्रणमा लिएको स्थानीयहरुले बताए ।

घटनाको जानकारी भए लगतै नगर प्रमुख भिखारी प्रसाद यादव घटना स्थलमा पुगेर पीडितहरुलाई तत्काल बस्ने र खाने व्यवस्था गराउन वडा अध्यक्षलाइ निर्देशन दिएका छन् । नगर पालिकाबाट तत्काल राहतको व्यवस्था गर्ने समेत बताए ।

# आगलागी पीडित परिवारलाई विभिन्न संघसस्थाको सहयोग



राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ५ पताही टोलमा आइतबार राती भएको भीषण आगलगीको घटनाका पीडित परिवारलाई बिभिन्न संघ सस्थाहरुले राहत उपलब्ध गराएका छन् ।

खाना पकाएर फालिएको खरानीबाट सल्केको आगोले आगलगी हुँदा दलित समुदायका ८ जनाको घर जलेर पूर्ण रुपमा नष्ट भएको थियो । घटनामा एक जनाको नगद १७ लाख रुपैयाँ जलेको हो भने ५ वटा बाख्रा जलेर मरेका हुन् ।

आगलागीमा स्थानीय बाबूलाल पासवानको नगद १७ लाख जलेको छ । जग्गा खरीद गर्नको लागि टिनको बक्समा राखेको रुपैयाँ जलेको पीडित बाबूलाल पासवानले बताए । आँखाबाट आँसु झार्दै पासवानले आगोले टाउको ठूलो विपति निम्त्याइदिएको सुनाए ।

घटनामा स्थानीय जगरनाथ पासवान, सोगारथ पासवान, प्रदीप पासवान, दीपेन्द्र पासवान, नागेन्द्र पासवान र कान्ति देवी पासवानको फूसको घर र घरभित्र भएको सरसामान, लत्ता कपडा, खाद्यान्न सामग्री, भाडा बर्तन, खाट, विद्युतीय सामग्री समेत जलेर नष्ट भएका छन् । पीडितहरुको करीव ५० लाख मूल्य बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ ।

आगलागीको घटना जानकारी भएपछि निर्वाचित जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, समाजसेवी, संघसस्थाका प्रतिनिधि, सुरक्षा निकायका प्रमुखहरु घटना स्थलमा पुगेर पीडितको अवस्थाबारे जानकारी समेत लिएका छन् ।

राजदेवी नगरपालिकाका प्रमुख भिखारी प्रसाद यादव, उपप्रमुख र स्थानीय वडा अध्यक्षले अग्निपीडितलाई तत्काल खाद्यान्न सामग्री, त्रिपाल, कम्बल राहत स्वरुप उपलब्ध गराएका छन् ।

निर्माण व्यवसायी संघ रौतहटका पदाधिकारीले पीडितहरुलाई ग्यास सिलिण्डर १ थान, ग्यास चूल्हो १ थान, भात पकाउने भाड़ो १ थान, दाल पकाउने भाडो १ थान, थाली २ थान, गिलास २ थान, कराही १ थान, करछुल १ थान, चामल २५ किलो, दाल ५ किलो, खाने तेल २ लीटर, नून २ किलो, आलू ७ किलो, चिउरा ५ किलो, बेसार, धनिया, खुर्सानी सहितका सामान प्रति परिवारलाइ सहयोग गरेका छन् ।

मेयर प्रत्यासी रामेश्वर प्रसाद यादवले आफ्नो तर्फबाट पीडित परिवारलाई खाद्यान्न सामग्री, त्रिपाल लगायतका सामान, जिल्ला दैवी प्रकोप उद्धार समिति रौतहटले पनि राहत सहयोग गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रौतहट, ग्रामीण विकास केन्द्र नेपाल र जनमत युवा संघ गौर रौतहटले पीडित परिवारलाई राहत सहयोग गरेका छन् ।

पीडामा परेका परिवारलाई आवासको व्यवस्थापन गराउने प्रदेश सभा सदस्य नागेन्द्र साहले आश्वासन समेत दिएका छन् । प्रदेश सरकारको आवास योजनाअन्तर्गत पीडित परिवारलाई घर निर्माण गराउने उनले बताएका छन् । घरबिहीन भएका ८ जना परिवारको करीव ५२ जना महिला, पुरुष, बालबालिका प्रभावित भएकोले छिट्टै आवासको व्यवस्था गर्नु पर्ने, शौचालय, खानेपानीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश




सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# राष्ट्रिय...

गर्दा सहकर्मी तथा आमनागरिकले उनीहरूको निर्णयमा अपनत्व महसुस गर्नै सक्दैनन्/। त्यसैले नेताका निर्णयहरू कार्यान्वयन हुन सक्दैनन/।नेतृत्वको एकीकृत मोडेल एक अनुभव हो, जसमा नेताहरूले आफू र अरूलाई पनि समान रुपले हेर्न सक्ने क्षमताको साथ सीपहरूको दायराको संयोजनको महत्व सिक्छन् र महत्व दिन्छन। जसले फलस्वरूप उच्च स्तरको प्रेरणा, उत्पादकता र काम सन्तुष्टिमा परिणाम दिन्छ। एकीकृत नेतृत्वको सवालमा सलग्नताको निकै महत्व छ। सलग्नताको निम्ति इमानदारी, अग्रगामी सोच, प्रेरणादायी, आदर कदर तथा सामूहिक दृष्टिजस्ता पाँच गुण आवश्यक छ। सामुहिक दृष्टि भनेको सामुहिक कार्य मात्र होइन बरु कुनै व्यक्तिले संगठनको निम्ति गरिने कार्यमा चाहि सामुहिक दृष्टि चाहिन्छ भनिएको हो।

एकीकृत नेतृत्वमा एउटा नेताको मातहत अर्को नेता हुँदैन बरु समाहित चाहि हुन्छ, त्यसैले सबै सहकर्मी हुन्छन। उद्देश्य पूर्तिका लागि सहकर्मी रहेका व्यक्तिहरूलाई उत्साहपूवर्क कार्य गर्न प्रभावित गर्ने प्रकृया पनि यो मोडेल हो। त्यसका लागि नेतृत्वमा पर्याप्त बौद्धिक क्षमता, दूरदर्शिता, नैतिकता र मिलनसार व्यवहार हुनु जरूरी हुन्छ। व्यक्तिगत र संगठनात्मक नेतृत्व क्षमता विकास गर्न, असफलता कम गर्न एकीकृत नेतृत्व प्रतिमानले छ वटा निर्देश पनि गर्दछ (१) योजनाबद्ध हुनुहोस्, (२) सिक्न सिक्नुहोस्, (३) नेतृत्व हस्तान्तरण होइन वितरण गर्नुहोस्, (४) नेटवर्क सक्रिय गर्नुहोस्, (५) आफ्नो प्रभाव देखाउनुहोस र (६) आत्मिक (मानसिक) स्वास्थ्यलाई प्राथमिकता दिनुहोस्। यसले शक्तिको पुँजीकरण वा केन्द्रीकरण गर्छ। शक्तिको केन्द्रीकरण बिना विकेन्द्रीकरण वा पृथकीकरण हुन्न। पहिलो फेजमा शक्तिको केन्द्रीकरणकै आवश्यकता हुन्छ अनिमात्र संस्था शक्तिशाली हुने हो। जसरी देवासुर संग्राममा कुनै एउटा देवता/देवी(जस्तै दुर्गा, काली, कृष्ण, राम, अर्जुन आदि) को परिकल्पना हुन्छ, त्यसपछि सम्पूर्ण अन्य देवी देवताले (जसलाई संग्रामको निम्ति छानिएको हुन्छ) त्यसलाई विभिन्न खालको आशिर्वाद, शक्ति एवं हातहतियार दिन्छन र शक्तिशाली भएपछी संग्राममा नेतृत्व गर्छन। हारेपछि थप शक्ति प्राप्त गर्छन अनि फेरी सामना गर्छन। त्यसरी नै एकीकृत नेतृत्व मोडेलमा शक्तिको पुँजीकरण आवश्यक हुन् जान्छ। म्यग्निफाइड लेन्सले सुर्यको प्रकाश एकत्रित गरी आगो बालिदिन्छ, त्यसरी नै नेताहरु एकीकृत गराउन सकियो भने शक्तिको उत्सर्जन भएर संगठन बलियो हुन्छ एवं संघर्ष तथा विद्रोहको नेतृत्व पनि गर्न सक्छ।

(२) राष्ट्रिय चेतना एवं अ-औपनिवेशिक चिन्तनको आन्तरिकिकरण

राष्ट्र भनेको लामो प्रकृयाबाट निर्माण भएको हो। आफुलाई जाति, जनजाति वा आदिवासी मात्रै सोच्ने हो भने एनजीओ चेतना आउँछ, वर्षमा एक दिन संस्कृतिक कार्यक्रम गर्यो, नाचगान गर्यो, रमाइलो गर्यो यस्तो मेला वा बजार चेतनाले राष्ट्रिय मुक्ति क्रान्ति सम्भव छैन। एनजीओ चेतनाले जातीय/राष्ट्रिय मुक्तिका सवाललाई एउटा प्रोजेक्टको रुपमा मात्रै बुझ्छ, जहाँ बिल भौचर मिलाउने वा निश्चित उपलब्धि तुरुन्तै पाउने चाहना हावी हुन्छ। मिसन बुझ्दैनन, मुक्तिको मार्ग बुझ्दैनन्। यसरी क्रान्तिकारी संगठन बन्न पनि सक्दैन। बरु एनजीओ चेतनाले परिवर्तनलाई अझै धिमा बनाइदिन्छ। यहाँ राजत्व दाबी गर्न सक्ने राष्ट्र चेतना चाहिएको छ। जहाँ राष्ट्र चेतना र प्रतिबद्धता बढ्दै जाँदा उत्पीडित राष्ट्रले आफूलाई थप एकताबद्ध सामाजिक शक्तिको रूपमा विकास गर्दै जान्छ। राष्ट्रको आत्मा हुन्छ, सिद्धान्त हुन्छ, विगत, वर्तमान र भविष्य हुन्छ। सम्झनाहरूको विरासतको स्वामित्व हुन्छ। सँगै बस्ने र साझा सम्पदाको कदर गर्ने इच्छा हुन्छ।

देश, राज्य, जाति(नेशन), राष्ट्र, जात(कास्ट) यी सब अलग अलग हो। देश जब प्रशानिक अधिकार सम्पन्न हुन्छ, उ राज्य बन्छ। उक्त देशमा स्थित राष्ट्र वा राष्ट्रहरु राजनीतिक अधिकारबाट वञ्चित रहे पनि अस्तित्वमा रहन सक्छ तर राष्ट्रहरु राज्य विहीन हुन्छन। राज्यको अधिकार मूलत: शासन प्रणालीमा निहित हुन्छ। तसर्थ राज्य विहीन जनताको उपस्थितिले मात्र राष्ट्र बन्दैन, तर देशको अस्तित्व भने रहन्छ। त्यस अवस्थामा देशप्रेम त हुन्छ, जन एकताको भावनाको अभावमा त्यो बलियो भने रहँदैन। त्यसैगरी जाति(नेशन) एतिहासिक रूपले विकसित भिन्न भाषा, भूगोल, अर्थव्यवस्था, मनोविज्ञान भएको स्थिर समुदाय हो भने जात(कास्ट) हिन्दु वर्ण व्यवस्थाको विभेदकारी रचना हो। अत: जातिको रक्षा र जात नष्ट गर्ने हो ! 'जात(कास्ट)' को सिद्धान्त र अभ्यास 'वैज्ञानिक रूपमा झूटो, नैतिक रूपमा निन्दनीय, सामाजिक रूपमा अन्यायपूर्ण, खतरनाक र औचित्यविहीन छ'। अमर्त्य सेनजस्ता गम्भीर चिन्तकहरूले जाति विभाजनलाई 'राष्ट्र विरोधी' को संज्ञासमेत दिएका छन्/। जात (कास्ट) व्यवस्था भनेर बुझिने जुन व्यवस्था छ, वास्तवमा इतिहासमा त्यो हिन्दु "वर्ण व्यवस्था" थियो। हिन्दु वर्ण व्यवस्थामा हिन्दु समाजलाई व्यवसाय अनुसार स्तरीकृत र व्यवस्थित गरिएको थियो।

हिन्दू "वर्ण व्यवस्था" भनेको समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र समुहमा बाँडेर बनाइएको चार-स्तरको प्रणाली थियो। हिन्दु समाजको वर्ण व्यवस्था अनुसार हिन्दु समाजमा बस्ने हिन्दु वाहेक अन्य कुनै पनि व्यक्तिलाई "जातिविहीन" मानिन्थ्यो । यसको मतलब माथिको चार-स्तरीय श्रेणीमा उनीहरुको कुनै स्थान थिएन। उनीहरूलाई 'म्लेछ' भनिन्थ्यो। यथास्थितिमा अंग्रेजहरु जो 'म्लेच्छ' मानिन्थे, तिनीहरुले हिन्दु समाजमा शासक बनेर लामो समयसम्म रजगज गर्न सम्भव देखेनन् । ब्रिटिशहरुको उपनिवेशवादी रणनीति "फुटाऊ र राज गर" थियो। त्यसकारण उनीहरुले 'वर्ण व्यवस्था'लाई 'जाति व्यवस्था'को रुपमा प्रस्तुत गरेर पुस्तक लेखाए, 'नयाँ ज्ञान' प्रचार गरे। यसभन्दा पहिला नै वर्ण व्यवस्था लगभग मृत भैसकेको थियो र त्यस ठाउमा जात व्यवस्था आइसकेको थियो तर उक्त जात व्यवस्था माथि पनि ऋषी रबि दास एवं सन्त कबिरले दरो प्रहार गरेका थिए। कबिर दोहामा "जाति न पुछो साधु कि पुछ लिजियो ज्ञान, मोल करो तरवार कि पडा रहन दो म्यान" लेखिएको थियो, उहाँले जातलाई बाहिरी खोल (म्यान) मात्रै भनिरहनु भएको थियो। तर जब अंग्रेजहरुले नै राजनीतिक स्वार्थमा वर्ण व्यवस्थालाई जाति व्यवस्थामा परिणत गरे। त्यसपछि झन् संस्थागत भयो। हिन्दुस्तानमा अंग्रेजले शासन गरिरहेकै बेला नेपालमा जहानियाँ राणा शासन थियो। राणाहरुले नेपाली जनता माथि शासन गर्न अंग्रेजबाट सिकिरहेका थिए। प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायतको भ्रमणबाट फर्के, तब उनले सन् १८५४(वि.स. १९१०) मा मुलुकी ऐन जारी गरे। जसरी अंग्रेजहरुले भारतमा वर्ण व्यवस्थालाई नयाँ व्याख्या गरेर हिन्दु समाजलाई विभाजन गरे त्यसरी नै जङ्गवहादुरले वर्ण व्यवस्थाको संरचनालाई मनुस्मृति आदिलाई आधार बनाएर नयाँ ढंगले परिभाषित गरे। मुलुकी ऐन अनुसार पहिलेको वर्ण व्यवस्थाको ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रलाई हटाएर नयाँ चार वटा श्रेणी बनाइए: १. तागाधारी, २. मतवाली, ३. पानी नचल्ने तर छोई छिटो हाल्न नपर्ने र ४. पानी नचल्ने र छोई छिटो हाल्नु पर्ने ।

यसरी हिन्दु समाजको वर्ण व्यवस्थालाई जङ्गबहादुरले अंग्रेजले जस्तै "फुटाऊ र राज गर" नीति अँगालेर कानुनी रूपमा नै जातीय व्यवस्थालाई संस्थागत गरे। जङ्गबहादुरको ऐनले वि.स. १९१० देखि वि.स. २०१९ सम्म सय वर्षभन्दा बढी नेपाली समाजलाई घृणा, विभेद र तिरस्कारको सम्बन्धमा विभक्त ग-यो। कुलिन वर्गको लागि विशेषाधिकार निम्न वर्गको लागि प्रतिबन्ध नै वर्णव्यवस्था (ऋबकतभ क्थकतझ) को शाश्वत सिद्धान्त हो। डा. अम्बेडकरको विचारमा "बहुसंख्यक जन-समुदायमाथि राजनैतिक एवं प्रशासनिक वर्चश्व कायम राख्ने सीमित मान्छेहरुको हातको तरवार हो, जाति व्यवस्था।" यी परिभाषाबाट जाति प्रथाको उत्पत्ति नितान्तै राजनैतिक सोंचको उपज लाग्छन्। जातपातजन्य भेदभाव र छुवाछूतको समस्या दक्षिण एशियाली उपमहाद्वीपको विशिष्ट समस्या हो। यो मानव सभ्यता कै कलंक हो। धर्म, संस्कृति र परम्पराको नाममा अन्धविश्वास, अन्याय, अत्याचार, भेदभाव, शोषण, दमन सहन गर्न सकिन्न। 'मनुस्मृति' मा जन्मदेखि मृत्युसम्म शूद्र (हालको दलित) का लागि लेखिएका क्षुद्र कुराहरू विरुद्ध अझै निर्मम ढंगले लड्न जरुरी छ। श्रम, स्वाभिमान र समृद्धिलाई अलग्याएर हेर्न मिल्दैन। समृद्धिको लागि पनि जतिसक्दो चाँडो जातपातको नाममा गरिने भेदभाव र छुवाछूत अन्त्य गर्नुपर्छ। नेपाली अशिक्षित र निमुखा दलित वर्गमा हिन्दू धर्म र पण्डाहरुले भने जस्तै जातीय छुवाछूत प्रथा साँच्चै ईश्वरको रचना र शाश्वत प्रथा हो कि भन्ने भ्रम व्याप्त रहेको छ। यसरी जाति (च्बअभ) र जात (ऋबकतभ) मा फरक पाइन्छ। जाति प्राकृतिक रुपमै विभाजित हुन्छ भने जात केही धूर्त मानिसहरुले आफ्नो स्वार्थको निम्ति कृत्रिम रुपमा विभाजन गरेको वर्ग हो। जाति जैविक रुपले सही छ भने जात जैविक- प्राकृतिक धूर्ततापूर्ण छ। तसर्थ वर्णाश्रम अनुरुप उच निचताको आधारमा पैदा भएको तथा अमानवीय सामाजिक दण्ड सजायबाट निर्मित अप्राकृतिक जात (कास्ट) लाई राष्ट्रको रुपमा बुझ्नु हुँदैन। जात व्यवस्था रहेको समाजमा साँस्कृतिक लगायत रुपमा मधेशी, खस एवं नेवा राष्ट्रहरु भने छन्। बरु यस्तो उच नीच भेदभाव जन्य व्यवस्थाले पैदा गरेको विभिन्न सामाजिक वर्गहरु दलित, पिछडावर्ग तथा यहिँ व्यवस्थाका सह उपजको रुपमा रहेको मुस्लिम समुदायलाई तत तत राष्ट्रले विशेष भागिदारी दिनुपर्दछ।

तर राष्ट्रको भावना भेदभाव उच निच भन्दा अलग छ। हुन त विशेष गरी राष्ट्र-राष्ट्रका बीच हुने पारस्पारिक सम्बन्धका स्थितिका आधारमा निर्माण हुने मनोवैज्ञानिक प्रभाव ती राष्ट्रहरु बिचका सदभावना सम्बन्धद्वारा निर्धारित रहन्छन्। यस्ता सम्बन्धमा उतारचढाव वा आरोहअवरोह भइरहन्छन्। किनकि इतिहास वर्गीय संघर्षबाट होइन कि बरु राष्ट्रियताका भावनामा उतारचढाव वा संवादबाट अगाडी बढेको छ। राष्ट्रियताको केन्द्रबिन्दुमा राष्ट्रिय स्वाभिमानको रक्तवाहिनी भने प्रवाहित भइरहेको इतिहास छ। राष्ट्रियताको बीजांकुर सामूहिक वा साझा पहिचानको उद्देश्यबाट प्रकट हुन्छ। सामूहिकताको भावना मानव विकास क्रमको प्राथमिक चरणदेखि नै विकसित हुन थालेको हो। सामूहिक पहिचानको खोजी आनुवंशिक रूपमा समुदायको अस्तित्वको आरम्भसँगै भएको हो। प्राचीन गणराज्यहरूको अस्तित्व सामुदायिक पहिचानकै विकसित स्वरूप थियो। समाज विकासकै क्रममा कालान्तरमा आधुनिक समाज वा राज्यको उदय हुँदै आयो। कुनै राष्ट्र कुलमा जन्मेर पनि उसमा राष्ट्रीय ताको भावना छैन भने ऊ जिउँदै मरेको समान हुन्छ। आफ्नो जन्मभुमी, मातृभुमी, पितृभुमी एवं देवभुमीको सम्मान नगर्ने मानिस पशुतुल्य हुन्छ। जसरी पशुपक्षीले आफ्नो आहार जता देख्यो उतै दगुरछन। त्यसैगरी राष्ट्रियता बिनाको मानिस जतातत्तै दगुरी रहन्छ। त्यसैले जननी जम्मभुमीश्च स्वर्गादपि गरियसी भनिएको हो। जब व्यक्ति राष्ट्रको समुत्थानका खातिर आफूलाई समर्पित गरी राष्ट्रको हृदयमा सम्मानित रहन पुग्छ, अनि ऊ व्यक्ति नभएर राष्ट्रिय मानव सम्पदाको रूपमा रहन्छ। त्यस्ता केही व्यक्तिको माध्यमबाट पनि राष्ट्रले चिनारी पाउन सक्छ। यसरी प्रत्येकमा आ आफ्नो राष्ट्रप्रतिको चेतना जागृत हुनु आवश्यक छ।

त्यसैगरी अ-औपनिवेशिक चिन्तनको आन्तारिकिकरण गर्ने सवाल पनि अत्यन्तै महत्वपूर्ण छ। उपनिवेश नभए पनि नेपाल उपनिवेशवादका प्रभावहरूबाट मुक्त रहेन। एक सय चार वर्ष लामो राणा शासनमा आन्तरिक राजनीतिलाई अंग्रेजको प्रभावबाट मुक्त बनाए पनि अन्तर्राष्ट्रिय मञ्चमा नेपाल अंग्रेजकै एक अंगको रूपमा देखियो। कोलोनियलिज्म मूलत: पश्चिमा साम्राज्य वा उपनिवेशको विस्तार हो, जसको शुरुवात इसाईकरणबाट भएको थियो। कोलोनियालिटी भने मूलत: ज्ञान प्रणालीसँग जोडिन्छ। पश्चिमा आधुनिकता र कोलोनियालिटी एकै सिक्काका दुई पाटा हुन्। पश्चिमा सभ्यता आधुनिकता र कोलोनियालिटीका दुई वटा खम्बामा खडा भएको छ। यी दुई खम्बालाई चाहिँ ज्ञानको जटिल र विविध संरचनाले आड दिएको छ। त्यो ज्ञान प्रणालीले मूलत: इसाई धर्मशास्त्र, विज्ञान र दर्शन समेट्छ। त्यो संरचनालाई ज्ञानको साथमा तयार भएको विशेष संस्थाहरूले साथ दिन्छन्। ज्ञानका लागि कर्ता र साधन (संस्था) दुवै चाहिन्छ। नेपालका सन्दर्भमा कम्युनिष्ट र कांग्रेस दुवै कर्ता भएका छन् र राज्य नै संस्थाको रुपमा रहेको छ। यी कर्ता र साधनहरूले ज्ञान जोगाउने र फैलाउने काम गर्छन्। डिकोलोनियालिटी यो पश्चिमा ज्ञान प्रणालीबाट मुक्त हुने प्रकृया हो। यसको अर्थ हो, ज्ञान प्रणालीको पुनर्गठन। त्यो पुनर्गठन चिन्तन प्रणालीको, भाषाको र जीवन जिउने तरिकाको हो। त्यसैले स्वदेशवादिहरुमा राष्ट्रिय चेतना एवं अ-औपनिवेशिक चिन्तनको आन्तरिकिकरण आवश्यक छ।

(३) भेट्रान(दिग्गज नेता) र भेंगार्ड(अग्रदस्ता)बीच समन्वय र रुपान्तरण

हामी क्रान्ति गर्न खोज्दै छौं। हामी देशको अवस्था व्यवस्था परिवर्तन गर्न खोज्दैछौं। निश्चय नै यस्तो क्रान्तिको निम्ति चेतना र प्रतिबद्धताको स्तरलाई ध्यान दिनै पर्दछ। क्रान्तिको निम्ति चेतनाको औसतभन्दा उच्च स्तर र थप सुसंगत र अनुशासित संगठनात्मक संरचना चाहिन्छ। त्यसैले क्रान्तिको मुख्य न्युक्लियस पनि अग्रदस्ता(भेंगार्ड) नै हो तर अहिंसात्मक क्रान्तिको परिकल्पना गरिरहँदा सेना जस्तो पार्टी बनाउन सकिदैंन, सबैका लागि खुला संगठन गर्नु पर्दछ। राजनीतिक संगठन र संघर्षको सन्दर्भमा भेंगार्डले नेतृत्व दिन्छ, वा ठूलो जनसमूहलाई अगुवाई गर्ने प्रयास गर्छ। क्रान्तिको अगुवाई र व्यवस्थापन अग्रदस्ताले गरुन तर क्रान्ति त जनताकै हुनुपर्छ। जनताको क्रान्ति नै परिकल्पना गरिरहँदा अगुवाई गर्न पनि स्वदेशवादी सम्पूर्ण चेतनाले लैस उ नहुन सक्छ, त्यसबखत महत्वपूर्ण कुरा के हो भने भेट्रान र भेंगार्डबीच समन्वय कसरी गर्ने अझ भेट्रानलाई पनि भेंगार्डमा रुपान्तरण गर्नु नै हाम्रो निम्ति ठुलो चुनौती हो र यहिँ कला पनि हो। यो महत्वपूर्ण छ, किनभने दुवै भेट्रान र भेंगार्डहरू एकअर्का र हाम्रो क्रान्तिको लागि आवश्यक छन्। यो महसुस गर्न महत्वपूर्ण छ कि दुई (भेट्रान र भेंगार्ड)हरू बीच विरोधी सम्बन्ध छैन। भेट्रान(मास नेतृत्व) उहाँहरु हो जो सामाजिक समूहका सबै सदस्यहरूलाई समावेश गर्ने प्रयास गर्छन्। यसमा विभिन्न संघर्ष समितिका नेतृत्वहरु पर्न सक्छ वा समाजमा विभिन्न दृष्टिले नेतृत्वमा रहेकाहरु पर्न सक्छन। उहाँहरुले संघर्षमा रचनात्मक र सहयोगी भुमीका खेल्ने मात्र होइन नेतृत्वको अदभुत क्षमताबाट लैस पनि हुन सक्छन। र एक "खबलनगबचम" जसको जनसमुदायसँग राम्रो काम गर्ने सम्बन्ध छैन त्यो अग्रगामी होइन पनि, ज्ञान मात्रै भएर हुँदैन कला पनि चाहिन्छ। त्यसैले भेट्रानहरुको प्रवेशलाई निरुत्साहित गर्नु हुन्न, यसले हामीलाई संकीर्ण बनाउँछ। चरम क्रान्तिकारी नारा र कार्यनीतिले जनशक्ति र संघर्षलाई पछाडी पार्न सक्छ। यसले हामीले गर्न खोजेको कुराको ठीक उल्टो हुन्छ। जनताको संघर्षमा साथ दिनुको सट्टा हाम्रो आफ्नो साँघुरो स्वार्थका लागि क्रान्ति हो भन्ने आभास भयो भने अग्रगामीका लागि उत्पीडित राष्ट्रहरु र जनसमुदायको विश्वास नष्ट हुन्छ। खुला संघर्षमा जनसहभागितालाई निरुत्साहित गर्न सक्छ र दमन गतिविधिहरूको निम्ति ढोका खोल्न सक्छ।

त्यसैले बरु भेट्रानहरुमा राष्ट्रिय चेतना र अ-औपनिवेशिक चिन्तन विकास गर्ने प्रणाली अवलम्बन हामीले गर्न सक्नु पर्दछ। क्रान्तिको उद्देश्यका लागि, उनीहरुलाई राष्ट्र एकताको महत्वपूर्ण पाठ वा राष्ट्र चेतना निर्माण गर्न आवश्यक छ। जति जति यो प्रकृया बढदै जान्छ, यसले पार्टीको सदस्यको रूपमा सबैभन्दा सचेत र अग्रदस्ता कार्यकर्ताहरूको संख्या पनि बढाउँदै जान्छ। अग्रदस्तामा क्रान्तिको पनि चेतना हुन्छ तर उक्त चेतना पनि राष्ट्र चेतनापछि  नै बिकसित हुने हो।

(४) सहभागितामुलक एकीकृत नेतृत्व

एकल नश्लीय एवं औपनिवेशिक शासन व्यवस्थालाई उखेल्ने र अन्तत: स्वदेशवादी स्वकलामा बहुलराष्ट्र राज्यको प्रतिसंस्थापन  गर्ने राष्ट्रिय मुक्ति क्रान्ति नेपाल का लागि नश्लीय शासक वर्ग विरुद्ध राजनीतिक, वैचारिक र संगठनात्मक संघर्ष गर्न सक्ने संगठन हुनुपर्छ। हामीले चुनावी संगठन मात्र बनाउने उद्धेश्य राख्यौं भने उपनिवेश आधिपत्यको ढाँचाभित्र उपलब्ध संस्थाहरूको प्रयोग र उपयोगमा मात्र संलग्न हुन सक्छन। आन्दोलनलाई संगठित र नेतृत्व गर्न पार्टी वा राष्ट्रिय मुक्ति क्रान्ति नेपाल  सुसज्जित छ कि छैन भन्ने मुख्य मुद्दा हो ? राष्ट्रिय मुक्ति राजनीतिको आवश्यकताका लागि प्रचलित परिस्थिति अनुसार संघर्षका रूपहरू परिवर्तन गर्न सक्ने संगठन चाहिन्छ। यसका लागि एकीकृत नेतृत्वको

*क्रमश:...*


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**

पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**

सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधन

नयाँदिल्ली । भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको ९२ वर्षको उमेरमा बिहीबार राति निधन भएको छ ।

सिंह घरमा अचानक बेहोस भएपछि उनलाई दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) लगिएको थियो।

उमेरसँग सम्बन्धित स्वास्थ्य समस्याका कारण उनको लामौ समयदेखि उपचार भइरहेको थियो र बिहीबार घरमा अचानक बेहोस भएका उनलाई तुरुन्तै घरमा सामान्य उपचारपछि राति ८:०६ बजे नयाँ दिल्लीस्थित एम्समा मेडिकल इमर्जेन्सीमा लगिएको थियो ।

"सबै प्रयासका बावजुद उहाँलाई बचाउन सकिएन र राति ९:५१ बजे उहाँलाई मृत घोषित गरियो, " एम्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

सिंहले ३३ वर्ष सेवा गरेपछि यसै वर्षको सुरुमा अवकाश विश्राम लिएका थिए ।



सन् १९३२ मा पञ्जाबमा जन्मिएका मनोमोहन सिंहले सन् २००४ देखि २०१४ सम्म दुई कार्यकाल भारतको प्रधानमन्त्रीको रूपमा काम गरेका थिए ।

सन् २००४ को लोकसभा चुनावमा अटल बिहारी बाजपेयी नेतृत्वको एनडीएविरुद्ध कंग्रेसले विजय हासिल गरेपछि उनले पहिलो पटक सन् २००४ मा प्रधानमन्त्री पदको शपथ लिएका थिए ।

उनले सन् २००९ देखि २०१४ सम्म दोस्रो कार्यकाल सम्हालेका थिए । उनले सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई जिम्मेवारी सुम्पेका थिए ।

यसैबीच, भारतीय प्रधानमन्त्री मोदी, लगायतका सत्ताधारी दल र विपक्षी दलका नेताहरूले उनलाई एक असल एवं कर्तव्यनिष्ठ प्रधानमन्त्रीका रूपमा स्मरण गरेका छन् ।

प्रधानमन्त्री मोदीले सिंहको निधनको खबरले आफुलाई दुखी तुल्याएको बताएका छन् । उनले भने, "भारतले आफ्ना एक सम्मानित नेता डा मनमोहन सिंहजीलाई गुमाएको छ । नम्र पृष्ठभूमिबाट उठेर उहाँले एक सम्मानित अर्थशास्त्रीको रूपमा आफ्नो पहिचान बनाउनुएको थियो ।'

उनले अर्थमन्त्रीलगायत सरकारका धेरै महत्वपूर्ण पदमा रहेर काम गरेका थिए । उनी हाम्रो आर्थिक नीतिमा गहिरो छाप छोडेका छन् । संसद्मा उनको विचारशील हस्तक्षेप सधैं अविस्मरणीय रह्यो । प्रधानमन्त्रीका रूपमा उनले जनताको जीवनस्तर उकास्न अथाह प्रयास गरे ।

# मोदीले न्यू ओरलिन्समा भएको आतंकवादी आक्रमणको निन्दा गरे

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी शहर न्यु ओरलीन्समा भएको आतंकवादी हमलाको निन्दा गर्दै यसलाई "नीच" भनेका छन्।

बिहिबार (जनवरी २, २०२५) मा सामाजिक सञ्जाल प्लेटफर्ममा, प्रधानमन्त्री मोदीले शहीदका परिवारलाई श्रद्धाञ्जली अर्पण गरे र यस घटनापछि उनीहरूलाई "शक्ति र शान्ति" प्राप्त हुने अपेक्षा गरे।

"हामी न्यु ओरलीन्समा भएको नीच आतंकवादी हमलाको दृढताका साथ निन्दा गर्छौं। हाम्रो चिन्ता र प्रार्थना पीडितहरू र उनीहरूको परिवारसँग छ," प्रधानमन्त्री मोदीलेमा लेखेका थिए। "उनीहरूको चोटको उपचार हुँदासमेत शक्ति र शान्ति मिलोस्," उनले थपे।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आतंकवादी घटनापछिमा एक पोस्ट लेख्दै भने, "जसले त्यो पीडा झेले, उनीहरूको लागि मेरो मन दुख्दछ। छुट्टी मनाउन जाँदा हिंसाको कुनै पनि प्रकारको औचित्य हुँदैन र हामी हाम्रो राष्ट्रको समुदायहरूमाथि कुनै पनि आक्रमणलाई सह्य गर्न चाहँदैनौं।"




बिहिबार न्यु ओरलीन्सको फ्रेन्च क्वार्टर क्षेत्रमा, अमेरिकी भूतपूर्व सैनिक शम्सुद्दिन जब्बरले आफ्नो पिकअप ट्रकलाई पर्व मनाउन आएका भीडको बीचमा चलाए, जसले १५ जनाको मृत्यु र ३० घाइतेहरूलाई पुर्याटयो। ट्रकमा इस्लामिक स्टेटको झण्डा थियो।

अधिकारिहरूका अनुसार, जब्बरले ट्रकबाट ओर्लिएर गोली चलाएका थिए, जहाँ उनी कानून लागू गर्ने अधिकारीहरूले मारिएका थिए। जब्बरले धेरै मानिसहरूलाई चपेटामा पार्न खोजेका थिए र उच्च गतिको ट्रकले पूर्वनियोजित तरिकाले महाविनाश निम्त्याएका थिए।

बिहीबार राति, लास भेगासको होटल बाहिर टेस्ला साइबरट्रक विस्फोटपछि न्यु ओरलीन्स घटनासँग सम्भावित सम्बन्धको बारेमा अनुसन्धान भइरहेको छ।




जिल्ला समाचार

## जसपा नेपालको यशोधरा समिति पुनर्गठन

कपिलवस्तु । जनता समाजवादी पार्टी (जसपा) नेपाल कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका समिति पुनर्गठन भएको छ । पालिकामा आयोजित भेलाबाट हरिशचन्द्र पाठकको अध्यक्षतामा ४१ सदस्यीय समिति पुनर्गठन गरिएको हो । समितिको उपाध्यक्षमा प्रमात्मा यादव, सफिक मुसलमान, सचिव दीपक यादव, उपसचिवहरु कमलवती नाउ, विराज सैनी र कोषाध्यक्षमा मिथुन तेली चयन भएका छन् । कार्यक्रममा पार्टीका नेताहरु सुदीप पौडेल, अब्दुल रशिद खाँ, साधिका यादवलगायतले मन्तव्य राखेका थिए ।

## पताहीका अग्निपीडितलाई कपडा सहयोग

राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ५ पताही टोलका अग्निपीडित परिवारलाई लगाउने कपडा सहयोग गरिएको छ । महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्दै आएका सिस्टर फाउण्डेशन नेपालका अध्यक्ष शोभा थापाले महिला, बालबालिका तथा पुरुषको लागि उपलब्ध गराएका कपडा बुधबार पीडित परिवारलाई दिइएको हो । गएको आइतबार राति करीब १२ बजेर ४५ मिनटमा भएको भीषण आगलगीमा घर जलेका ८ परिवारलाई स्थानीय संस्था महिला तथा बालबालिका उत्थान केन्द्र राजदेवी नगरपालिका ७ की अध्यक्ष चन्द्रकला रामले पीडितलाइ भेटेर उक्त कपडाहरु उपलब्ध गराएकी हुन् । आगोबाट घर जलेर बिचल्लीमा परेका परिवारलाइ साडी, बलाउज, जीन्स पैंट, सर्ट, ज्याकेट, कोट, सूट प्लाजो, सल, स्वीटर, दुपटा, बिस्कुट, चाउचाउ लगायतका सामान प्रति परिवारलाई दिइएको संस्थाका अध्यक्ष रामले जानकारी दिएकी छन् । आगलगीबाट ५६ जना महिला पुरुष, बालबालिका प्रभावित भएका छन् । खुल्ला आकाश मुनि पालको सहारा लिएर बस्दै आएका पीडित परिवारलाई एक्कासी बढेको चिसोको कारण स्वास्थ्यमा असर पुग्ने उच्च जोखिम रहेको छ । पीडित परिवारलाई आवश्यक भएको कुरामा ध्यान दिएर सहयोग गर्ने प्रतिबद्धता समेत जनाएकी सस्थाका अध्यक्ष रामले चिसोबाट जोगिन बालबालिकालाइ न्यानो कपडाको साथै चपल जुत्ताको सहयोग गर्नु पर्ने देखिएको जनाइन् । महिला तथा बालबालिकाको अधिकार, हक़हितमा निरन्तर काम गर्दै आएका सिस्टर फाउण्डेशन नेपालका अध्यक्षलाई पीडितको अवस्थाबारे जानकारी गराए थप सहयोग गर्न सकिने विस्वास व्यक्त गरे । संचारकर्मीसँग कुरो गर्दै संस्थाकी अध्यक्ष चन्द्रकला रामले पीडितहरुको अवस्था एकदमै कष्टपूर्ण रहेकोले सबै सरोकारवालाले आवश्यकता हेरि सहयोग गर्नु पर्ने धारणा राखिन् । दैनिक ज्यालदारी गरी जीवन निर्वाह गर्दै आएका दलित समुदायका परिवार माथि ठूलो संकट आएकोले यस पीडाको समयमा सबैले सके जति सहयोग गर्नु पर्ने उल्लेख गरे । आगलगीमा स्थानीय बाबूलाल पासवान, सोगारथ पासवान, प्रदीप पासवान, दीपेन्द्र पासवान, नागेन्द्र पासवान, जगरनाथ पासवान र कान्ति देवी पासवानको घर जलेर नष्ट भएको छ । पीडित परिवार अहिले स्थानीय नगरपालिकाका विभिन्न संघ संस्थाले दिएको राहतको सहारामा त्रिपाल मुनि बस्दै आएका छन् । लुगा हस्तान्तरणको बेला भगवती प्रा वि हज्मीनियाका सहायक प्राध्यानध्यापक रूपलाल राम, स्थानीय भरभलादमी सहित संचारकर्मी सहभागी रहेको थियो ।

## नगर अस्पताललाई स्वास्थ्य उपकरण हस्तान्तरण

बर्दिया । गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय समिति महिला विभागको समन्वयमा बर्दियाको बारबर्दिया नगर अस्पताललाई स्वास्थ्य उपकरण र सामग्री हस्तान्तरण गरिएको छ । आइतबार बारबर्दिया नगर अस्पतालमा आयोजित एक कार्यक्रमका बीच चार लाख रुपैयाँ मूल्य बराबरका बेबी वार्मर, बायोकेमेस्ट्री एनालाइजर, र टेस्ट किटहरू अस्पताललाई हस्तान्तरण गरिएको हो । संघका तर्फबाट पूर्व कोषाध्यक्ष हिक्मत थापाले ती उपकरणहरू हस्तान्तर गरेका हुन् । उक्त अवसरमा बारबर्दिया नगरपालिकाका मेयर छविलाल थारुले अस्पताललाई उपलब्ध गराइएको सहयोगले बारबर्दिया नगर अस्पतालको स्वास्थ्य सेवामा सुधार ल्याउने र स्थानीय समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा नगर उपप्रमुख रत्नकुमारी पाण्डेय, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तिर्थ पौडेल, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपककुमार आचार्य लगायतको उपस्थिति रहेको थियो ।

## हत्यामा संलग्न अभियोगमा तीन पक्राउ

बारा । जितपुर सिमरा उपमहानगरपालिका-१ घर भएका राज कुमार रूम्बाको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा जितपुर सिमरा उपमहानगरपालिका-१९ घर भएका २७ वर्षीय पुरूषोत्तम कुमार दास, २० वर्षीय ईन्द्रजित कुमार चौहान र महोत्तरी जलेश्वर नगरपालिका-३ घर भएका श्रीकान्त तिवारी रहेका छन् । जितपुर सिमरा उपमहानगरपालिका-११ स्थित बकुलिया देखी रमौली लोसन्डा जाने सडक छेउमा बागमती प्रदेश ०१-०२८ च ७६१६ नम्बरको कारमा राज कुमार पुस ६ गते बिहान मृत अवस्थामा फेला परेका थिए । घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालय बारा समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत बाराबाट कर्तव्य ज्यान सम्बन्धी कसुरमा ७ दिन म्याद थप अनुमती लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आगलागीबाट १० लाखको धनमाल जलेर नष्ट

मोरङ । सुनवर्षी नगरपालिका-४ सुरत टोल बस्ने चन्द्र साहको घरमा आइतबार दिउँसो आगलागी भएको छ । आगलागी हुँदा घर र घर नजिकै रहेको भान्साकोठा पूर्णरूपमा जलेर करिब १० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ट्याक्टर र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

सर्लाही । बरहथवा नगरपालिका-९ मधुवनीस्थित शान्ति चोकमा ट्याक्टर र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । ज.१ त ९८७६ नम्बरको ट्याक्टर र ज.४ प ३७७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक बरहथवा नगरपालिका-५ राजुचोक बस्ने २५ वर्षीय हरिन्द्र महतोको एड्भान्स सञ्जीवनी अस्पतालमा र मोटरसाइकलमा सवार २२ वर्षीय पुरूषोत्तम दासको बयोधा अस्पताल वीरगंज पर्सामा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# जनकपुरधामको परिक्रमा सडकभित्र मांसमदिरा रोक्न मुख्यमन्त्री सिंहको आह्वान



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधामको परिक्रमा सडकभित्र मांसमदिराको उत्पादन, बिक्रीवितरण र उपभोग निषेधसम्बन्धी धार्मिक मान्यता र कानुनी प्रावधान कडाइका साथ पालना हुनुपर्ने बताएका छन् ।

मुख्यमन्त्री सिंहले जनकपुरधामको धार्मिक तथा साँस्कृतिक परम्परा, गरिमा र प्रतिष्ठा अक्षुण्ण राख्न स्वत:स्फुर्त ढंगले मांसमदिराको उत्पादन, बिक्रीवितरण र उपभोग नगर्न जनकपुरवासीलाई आह्वान गरे ।

'कुनै पनि पीठक्षेत्रका बासिन्दामा उच्च आध्यात्मिक मूल्य र चेतना रहन्छ । जसको अभिव्यक्ति नै तिनको शुद्धता तथा पवित्रतामा आधारित जीवनशैलीबाट हुन्छ । त्यसैले जनकपुरधामवासीलाई परिक्रमा सडकभित्र निषेधित व्यवहार गर्न हुँदैन,' मुख्यमन्त्री सिंहले मंगलबार जनकपुरधाममा सञ्चारकर्मीहरूसँग भने ।

उनले जनकपुरधामको परिक्रमा सडकभित्रका ठाउँ धार्मिक तथा साँस्कृतिक अनुष्ठानको गौरवपूर्ण अतीत तथा वर्तमान उधिनेको बताउँदै त्यस क्षेत्रमा मांसमदिरा निषेधसम्बन्धी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले स्थानीय सरकारसँगै अन्य सरोकारवालासँग समन्वय गरिरहेको जानकारी दिए ।

मुख्यमन्त्री सिँहले सनातन परम्परामा अन्तर्निहित आशय, सरकारको निर्णय, अदालतको आदेश र सरोकारवालाहरूको आग्रहका बाबजुद परिक्रमा सडकभित्र मांसमदिरा निषेध नहुँदा धार्मिक समुदायमा नकारात्मक धारणा बन्न लागेको जोखिम औंल्याउँदै जनकपुरधामको अर्थतन्त्रको आधार धार्मिक पर्यटन जोगाउन पनि मांसमदिरा निषेधको व्यवहार अपनाउन जनकपुरधामवासीले चासो लिनुपर्ने बताए ।

'जनकपुरधामको परिक्रमा सडकभित्र मांसमदिराको उत्पादन तथा बिक्रीवितरण गर्न सरकारी निकायले अझै इजाजत दिँदैनन् । तर, इजाजतबिना नै मांसमदिराको किनबेच र उपभोग भइरहेको छ । यो दुर्भाग्यपूर्ण छ,' मुख्यमन्त्री सिँहले भने, 'कुनै पनि समाजका परम्परा र कानुनको पालना गर्ने दायित्व अमुक समुदायको हुन्छ । त्यसैले परिक्रमा सडकभित्र मांसमदिरा निषेध कार्यान्वयनमा स्थानीयको अग्रसरता जरुरी छ ।'

जनकपुरधाममा हुने विवाहपञ्चमी महोत्सव, छठलगायत विभिन्न धार्मिक तथा साँस्कृतिक पर्व, मेला आदिका बेला स्थानीय प्रशासनले परिक्रमा सडकभित्र पशुपक्षीको काटमार, मासु तथा मासुजन्य पदार्थको बेचबिखन र उपभोग निषेध गरेको सूचना जारी गर्नेगर्छ । त्यस आधारमा केही दिनका लागि मांसमदिरा निषेधित भए पनि अन्य दिन परिक्रमा सडकभित्र मांसमदिराको बेचबिखन तथा उपभोग भइरहन्छ ।

परिक्रमा सडकभित्र सदैवका लागि मांसमदिरा निषेध गर्न साधुसन्त, धार्मिक तथा सामाजिक अभियन्ताहरूले समयसमयमा आन्दोलन गरिरहेका छन् ।

केही समयअघि जनकपुरधाम उपमहानगरपालिका कार्यालयले परिक्रमा सडकभित्र मांसमदिराको बेचबिखन नगर्न सूचना जारी गरे पनि स्थानीय व्यवसायीले पूर्ववत् मांसमदिरा बिक्रीवितरण गरिरहेका छन् ।

उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहको पहलमा भने परिक्रमा सडकभित्र कुखुरालगायत पशुपक्षीको काटमार अहिले रोकिएको छ भने अन्य पशुपक्षीको काटमार परिक्रमा सडक बाहिरै हुने गरेकाले मासुमाछाको बजार जनकपुरधाममा परिक्रमा सडक बाहिर नै छन् ।

# राष्ट्रिय एकता अभियानको उपाध्यक्षमा भूपेन्द्र चौधरी चयन

काठमाडौं । राष्ट्रिय एकता अभियान नेपालले आफ्नो संगठनलाई थप मजबुत बनाउन संविधान सभा सदस्य भूपेन्द्र चौधरीलाई उपाध्यक्षको रुपमा चयन गरेको छ। अभियानको केन्द्रीय बैठकमा सर्वसम्मत निर्णय गर्दै चौधरीलाई यो जिम्मेवारी सुम्पिएको हो।

भूपेन्द्र चौधरीले संविधान सभामा आफ्नो प्रभावशाली भूमिका निर्वाह गर्दै राष्ट्रिय एकता र समावेशीताको पक्षमा काम गरेका छन्। उनी लामो समयदेखि सामाजिक न्याय, संघीयता, समानता र मानव अधिकारका मुद्दामा सक्रिय रहँदै आएका छन्।

कार्यक्रममा अभियानका अध्यक्ष विनय यादवले चौधरीको नेतृत्वदायी क्षमताको प्रशंसा गर्दै भने, "भूपेन्द्र चौधरीजस्ता अनुभवी र समर्पित व्यक्तित्वको सामेलले हाम्रो अभियानलाई थप उचाइमा पुर्‍याउने विश्वास छ।"

कार्यक्रममा अन्य विशिष्ट व्यक्तिहरू, पनि सहभागी थिए। उनीहरूले चौधरीलाई बधाई दिँदै अभियानका उद्देश्यलाई साकार पार्न योगदान गर्न आग्रह गरे।

राष्ट्रिय एकता अभियान नेपालले मुलुकको विविधता र एकताको संरक्षण गर्दै सामाजिक सद्भावलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। भूपेन्द्र चौधरीको उपाध्यक्ष पदमा चयनले अभियानलाई थप सशक्त बनाउने विश्वास गरिएको छ।

## मधेश...

चिकित्साशास्त्रमा महँगो र लामो अवधिको पढाइ एमबिबिएस भने यसै शैक्षिकसत्रबाट सुरु गरिएको छ । प्रदेश मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानअन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरको स्तरोन्नति गर्दै एमबिबिएस अध्ययन गराउन स्रोत सुनिश्चित गर्ने निर्णयपछि यसका लागि गत साउन महिनाबाट भौतिक पूर्वाधार, उपकरण, अस्पतालको सेवा विस्तार तथा गुणस्तरवृद्धि, जनशक्ति व्यवस्थापन कार्ययोजनालगायतका कार्य कार्यान्वयन गरिएको थियो । त्यसलगत्तै एमबिबिएस कक्षा सञ्चालनका लागि आवश्यक तयारी सुरु गरिएको थियो । चिकित्साशिक्षा आयोगले भने गत भदौमा ५० विद्यार्थीको कोटा दिँदै एमबिबिएस कक्षा सञ्चालन गर्न प्रतिष्ठानलाई स्वीकृति दिएको थियो ।

प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले प्रदेश सरकारका कार्यकारी प्रमुखका रूपमा कार्यभार सम्हालिरहँदा जनमत पार्टीको शिक्षासम्बद्ध दृष्टिका आधारमा मधेशमा सरकारी तवरमा एमबिबिएसको पठनपाठन सुरु गराउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

प्रतिष्ठानका उपकुलपति डा.साहले एमबिबिएस पठनपाठनका लागि प्रादेशिक अस्पताल जनकपुर परिसरमै कक्षाकोठा, छात्रावास आदिको व्यवस्था गरिएको बताए । उनले क्लिनिकल अध्ययनका लागि पहिलेदेखिकै पूर्वाधारको स्तरोन्नति गरिएको र आधारभूत चिकित्साविज्ञान अन्तर्गत एनाटोमी, फिजियोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजी, प्याथालोजी, फर्माकोलोजी, क्म्युनिटी मेडिसिनलगायत विषय अध्यापन गराउन जनशक्ति व्यवस्थापन गरिएको बताए ।

जनकपुरधामस्थित प्रतिष्ठानमा एमबिबिएसको पठनपाठन सुरु भएपछि चिकित्सासेवामा सुधार, चिकित्सकको वृत्तिविकासमा टेवा, चिकित्साशास्त्रको अध्ययन अनुसन्धानमा तीव्रता र जनकपुरधामको शैक्षिक छविमा सकरात्मक परिवर्तन आउने विश्वास गरिएको छ ।

## सरकार...

'मुलुकको उधोग, व्यापार धरासायी बन्दै गईरहेको छ । सरकारले जसरी पनि कर असुल्ने नीति लिएको छ । उधोग व्यापार धवस्त हुँदैगईरहेको भए पनि सरकारलाई केवल कर कसरी असुल्नेमा मात्रै ध्यान छ', आजपा अध्यक्ष साहले भने, 'सरकार पिच्छे पाईलापाईलामा कर लिने तर सेवा नदिने । कर लिने तर सोही अनुसारको सुविधान नदिने । केवल कर कसरी लिने भन्नेमा मात्रै सरकारको ध्यान छ ।'

नेपाल भन्दा ठुलो भुगोल, जनसंख्या भएको मुलुक भारत र चीनमा कर थोरै भएको र त्यहाँको सरकारले उधोगी व्यापारीलाई सेवा पनि बढी दिईरहेको उनले बताए । तर नेपालमा करमाथि कर लिने र उधोगी व्यापारीको ढाँड सेक्ने काम सरकारले गरिरहेको आरोप उनले लगाए ।

'भारतमा १४ शिर्षमा कर लिईन्छ । तर नेपालमा ४० भन्दा बढी शिर्षकमा सरकारले कर लिईरहेको छ । अरु देशभन्दा नेपालमा करको दर, दायारा, शिर्षक, तह र सरकार बढी छ । नेपालमा ७६१ वटा सरकारले मनोमानी र पाईलापिच्छे कर असुली रहेको छ । त्यसको विरोधमा हामी सडकमा उत्रिनुपरेको छ' आजपा अध्यक्ष साहले भने ।

सर्वसधारणदेखी उधोगी व्यापारीले जताततै पाईला पिच्छे नै कर तिर्दातिर्दै निराश भएको बताउदै उनले व्यवासाय गर्ने वातावरण सरकारले गिजोलिदिएको आरोप लगाए । मुलुकको ढुकुटी सिध्याएको सरकारले विदेशीबाट ऋण लिएर नेपाली जनताको टाउकोमा ऋणको भारी बोकाएको बताए ।

मुलुकमा भ्रष्टाचार, अनियमितत बढ्दै गईरहेको र बिकास कार्य अवरुद्ध भएको बताउँदै उनले दलाल दलतन्त्र, सरकारको मनोमानी कर आतंक बिरुद्ध आजपाले आन्दोलन गर्दै आएको छ । आजपाले विगतदेखी नै भ्रष्टाचार, अनियमितता, सरकारको मनोमानी कर आतंक, दलाल दलतन्त्र, वैदेशिक रोजगारमा देखिएको ठगीधन्दा, भन्सार कानूनमा भएको लुटतन्त्रको बिरुद्धमा आवाज उठाउँदै सडक संघर्ष गर्दै आएको छ ।

## आर्थिक समाचार

# प्रभु बैंकको डिजिटल काउन्टर सञ्चालन




काठमाडौं । अंग्रेजी नयाँ वर्ष २०२५ को **शुरुवात**सँगै प्रभु बैंक लिमिटेडले बिद्युतीय कारोबारलाई प्रवर्धन गर्ने उद्देश्यले स्वचालित काउण्टर प्रभु डिजिटल क्युब सञ्चालनमा ल्याएको छ ।

उक्त काउण्टर मार्फत Cash Deposit, Cash Recycling, Cheque Deposit, Statement Printing, ATM तथा विभिन्न Kiosk मेशिनको माध्यमवाट नगद जम्मा गर्न, नगद निकाल्न, क्लीयरिङ चेक जम्मा गर्न, खाताको स्टेट्मेण्ट प्रिन्ट गर्न सकिने लगायतका सेवाहरु ग्राहक आफैंले प्राप्त गर्न सक्ने ब्यवस्था मिलाइएको छ ।

यस सेवाको **शुरुवात** सँगै कार्यालय समय कुरेर काउण्टरमा लाइन लागि बैंकिङ्ग सेवा लिनुपर्ने झन्झटको अन्त्य भएको छ ।

हाल यो सेवा बैंकको मुख्य कार्यालय, बबरमहलबाट उपलब्ध गराइएको र निकट भविष्यमा आवश्यकता अनुसार अन्य स्थानमा समेत बिस्तार गरिनेछ । साथै यस नबिनतम् सेवाबाट ग्राहक वर्गले पर्याप्त लाभ उठाउनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ ।

# विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औँ वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देशका विभिन्न विद्यालयमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गर्ने भएको छ ।

बैंक पौष १८ गते विहिबारदेखी आफ्नो स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गर्दैछ । १८औं वार्षिकत्सवको अवसरमा बैंकले प्रत्येक प्रदेशको विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई वित्तीय साक्षरता सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्दैछ । उक्त सचेतना कार्यक्रममा बैंकले आधारभुत बैंकिङ्ग सेवा, डिजिटल/नविनतम बैंकिङ्ग सेवाहरु, बैंकिङ्ग विवरण सुरक्षित राख्ने उपायहरु लगायत विभिन्न बैंकिङ्ग शिक्षाको बारेमा जानकारी प्रदान गर्नेछ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरुमार्फत आम जनमानसलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।


प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं

➤ प्लाष्टिक चार सय वर्षसम्म कुहिँदैन,
➤ यसले जमिन तथा जल प्रदूषण गर्दछ,
➤ प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
➤ प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ,
➤ खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदूषित हुन्छ,

त्यसैले, प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड








पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं